मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## बसको ठक्करबाट दुई भारतीयको मृत्यु

**काठमाडौँ ।**
काठमाडौँको भोटेबहालमा बसको ठक्करबाट दुई भारतीय नागरिकको मृत्यु भएको छ । काठमाडौँ महानगरपालिका–१२ भोटेबहालमा कालिमाटीबाट त्रिपुरेश्वरतर्फ आउँदै गरेको ओमजनता यातायातको ठक्करबाट भारतीय नागरिक ४५ वर्षीय पदम उपाध्याय र ३७ वर्षीय सतिशकुमार कुसवाहको मृत्यु भएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवम् प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।
बागमती प्रदेश–३–०१–००५ ख ९२९८ नम्बरको बसको ठक्करबाट गम्भीर घाइते भएका उनहरूको उपचारका क्रममा गएराति राष्ट्रिय ट्रमा सेन्टरमा मृत्यु भएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिए ।बसचालक दोलखा घर भई कपन बस्ने ३५ वर्षीय मानबहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ ।घटनाबारे प्रहरी वृत्त कालिमाटीले अनुसन्धान गरिरहेको प्रवक्ता सुवेदीले बताए ।

● वर्ष ४ ● अंक १२३ ● २०८२ साल चैत्र ०८ गते आइतबार ● Sunday 22, March 2026 ● सूर्योदय: बिहान ०६:०७ बजे ● सूर्यास्त: साँझ ०६:१७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## सन्तान नजन्मिएको तनावमा शिक्षकबाटै हिंसा
# आत्महत्या रोज्न बाध्य पारियो !

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा २५ वर्षीया विवाहित महिलाको मृत्यु प्रकरणले गम्भीर प्रश्न उठाएको छ । लामो समयदेखि भोग्दै आएको घरेलु हिंसाकै कारण उनले ज्यान गुमाउन बाध्य भएको दाबी गर्दै माइती पक्षले हत्या गरिएको आशंका गरेको छ।
गणेशमान चारनाथ नगरपालिका–४ निवासी युवती चैत ३ गते दिउँसो घरमै झुन्डिएको अवस्थामा फेला परेकी थिइन् । उनलाई तत्काल उपचारका लागि जनकपुरधामस्थित रामजानकी अस्पताल लगिएको भए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।
मृतकका श्रीमान् मुकेश धनखोटी यादव पेशाले निजी विद्यालयका शिक्षक हुन् । उनीहरूबीच करिब ६ वर्षअघि प्रेम सम्बन्धपछि भागी विवाह भएको थियो । सुरुका दिनमा सम्बन्ध सामान्य रहे पनि समयसँगै परिवारभित्र तनाव बढ्दै गएको माइती पक्षको भनाइ छ।
मृतकका दाजु मनिष कुमार महतोका अनुसार विवाह भएको लामो समयसम्म सन्तान नभएको विषयलाई लिएर बहिनीमाथि निरन्तर मानसिक र शारीरिक दबाब दिइँदै आएको थियो । 'शिक्षक जस्तो पेशामा रहेको मान्छेबाट यस्तो व्यवहार हुन्छ भन्ने कल्पना गर्नै गाह्रो छ,' उनले भने, 'तर वास्तविकता निकै पीडादायी थियो । बहिनीले घर बिग्रने डरले सबै कुरा चुपचाप सहेर बसिन् ।'



घटनाभन्दा अघिल्लो दिनदेखि नै अवस्था असामान्य देखिएको परिवारको भनाइ छ । राति अज्ञात नम्बरबाट आएको फोन र भोलिपल्ट फेरि आएको धम्कीपूर्ण कलले परिवारलाई चिन्तित बनाएको थियो । फोन गर्ने व्यक्तिले 'तिम्रो बहिनीलाई केही हुनसक्छ' भन्दै चेतावनी दिएका थिए । त्यसपछि परिवार आफन्तसँग सल्लाह गर्दै मृतकको घरतर्फ लागेको थियो।
दिउँसो करिब साढे ३ बजे घर पुगेका परिवारका सदस्यले युवतीलाई पटकपटक बोलाउँदा कुनै प्रतिक्रिया नआएपछि खोजी थालेका थिए । घरका सदस्यले उनी माथिल्लो कोठामा रहेको बताएपछि झ्यालबाट हेर्दा उनी सलको पासो लगाएर झुन्डिएको अवस्थामा देखिएको दाजु मनिषले बताए।
घटनापछि प्रहरीलाई खबर गरिए पनि मृतकका ससुराली पक्षले प्रहरी पुग्नुअघि नै ढोका खोलेर शव झारेर अस्पताल लगेको माइती पक्षको आरोप छ । उनीहरूले मृतकको शरीरमा विभिन्न ठाउँमा नीलडाम देखिएको दाबी गर्दै घटनामा गम्भीर शंका व्यक्त गरेका छन्।
'यदि आत्महत्या नै हो भने पनि उसलाई त्यो अवस्थामा पु¥याउने जिम्मेवार को हो भन्ने कुरा अनुसन्धान हुनुपर्छ,' दाजु मनिष भन्छन्, 'मेरो बहिनीले सहन नसक्ने अवस्था बनेपछि यस्तो कदम चालेकी हुन् । दोषीलाई कडा कारबाही हुनुपर्छ।'
प्रहरीमा दर्ता गरिएको जाहेरीका आधारमा मृतकका श्रीमान् मुकेश धनखोटी यादवलाई नियन्त्रणमा लिइएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी गणेश बमका अनुसार घटनाबारे आत्महत्या दुरुत्साहनको कोणबाट अनुसन्धान भइरहेको छ।
मुलुकी अपराध संहिता २०७४ को धारा १८५ अनुसार कसैलाई आत्महत्या गर्न उक्साउने वा त्यस्तो परिस्थिति सिर्जना गर्ने कार्य दण्डनीय अपराध मानिन्छ। यस्तो कसूरमा दोषी ठहर भएमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुन सक्छ।
यद्यपि, घटनाको वास्तविक कारण के हो भन्ने अझै खुलेको छैन । पोस्टमार्टम रिपोर्ट र थप अनुसन्धानपछि मात्र सत्य बाहिर आउने अपेक्षा गरिएको छ । यसबीच, सन्तान नहुनुलाई लिएर महिलामाथि हुने सामाजिक दबाब र हिंसाले फेरि एकपटक गम्भीर प्रश्न खडा गरेको छ।

## कसरी पुगे इरानी सेनाको
# नियन्त्रणमा महोत्तरीका झा ?



**मधेशदृष्टि**
**जनकपुरधाम।**
वैदेशिक रोजगारीमा रहेका महोत्तरीका युवक इरानी सेनाको नियन्त्रणमा परेको खबर सार्वजनिक भएको छ । परराष्ट्र मन्त्रालयका अनुसार महोत्तरी घर भइ उदयपुरको त्रियुगा नगरपालिका–११ बस्दै आएका अमृत झा केही दिनदेखि इरानी सेनाको नियन्त्रणमा छन्।
महोत्तरी स्थायी घर भएका ३० वर्षीय झा करिब दुई वर्षअघि रोजगारीका लागि दुबई गएका थिए । उनी तेल बोक्ने जहाजमा 'सिप क्याप्टेन'का रूपमा कार्यरत रहेको खुलेको छ । उनकी दिदी पूजा झाका अनुसार अमृतले एक साता अघि परिवारलाई पठाएको भ्वाइस सन्देशमा तेल लोड गरेर दुबई फर्किएपछि सिधै नेपाल आउने बताएका थिए। 'छुट्टी पनि मिल्ने बेला भएको भन्दै घर आउने कुरा गर्दा हामी निकै खुसी भएका थियौँ,' उनले भनिन्, 'तर त्यसपछि अचानक उनी इरानी सेनाको नियन्त्रणमा परेको खबर आयो।'
परिवारका अनुसार उनलाई किन र के कारणले नियन्त्रणमा लिइएको हो भन्नेबारे स्पष्ट जानकारी प्राप्त हुनसकेको छैन। यसअघि पनि उनी तेल लिन इरान जाने गरेका थिए, तर यसपटक भने हर्मुज क्षेत्रबाटै नियन्त्रणमा परेको जानकारी आएको पूजा झाले बताइन्।
अमृतले थाइल्यान्डको बैंककमा अध्ययन पूरा गरेपछि वैदेशिक रोजगारीका लागि दुबई गएका थिए । जहाजमार्फत तेल ढुवानी गर्ने काममा संलग्न उनी यसअघि पनि नियमित रूपमा इरान आवतजावत गर्दै आएका थिए।
भाइको अवस्थाबारे अन्योल बढ्दै गएपछि परिवारले परराष्ट्र मन्त्रालयमा निवेदन दिँदै छिटो रिहाइका लागि पहल गरिदिन आग्रह गरेको छ । 'उ नेपाली नागरिक हो, सरकारले सकेसम्म चाँडो उद्धार गरी सुरक्षित घर फर्काउनुपर्छ,' दिदी पूजाले भनिन्। झाका बुबा पूर्व वन कर्मचारी हुन्। अवकाशपछि परिवारले उदयपुरको गाईघाट क्षेत्रमा जुत्ता–चप्पल व्यापार गर्दै आएको छ । स्थानीय जनप्रतिनिधिका अनुसार परिवार अहिले पनि त्यही व्यवसायमा संलग्न छ।
हाल अमृत झाको अवस्था र स्वास्थ्यबारे कुनै आधिकारिक जानकारी सार्वजनिक भएको छैन। परिवार र आफन्त भने उनको सकुशल रिहाइको प्रतीक्षामा छन्।

# असिनासहितको हावाहुरीले करोडौँको क्षति

**मधेशदृष्टि**
**रौतहट।**
शुक्रबार साँझ आएको भीषण हावाहुरीसँगको असिना पानीका कारण रौतहटमा ठूलो जनधन तथा कृषि क्षति भएको छ । असिनाले सर्वसाधारणका खपडा र टायलले छाएका घरमा व्यापक क्षति पु¥याउनुका साथै गहुँ, उखु, मसुरो, मकै तथा फलफूल एवम् तरकारी खेतीमा करोडौँको नोक्सानी भएको हो।
हावाहुरीको तीव्रताका कारण पाक्न लागेको गहुँ र घोगा लाग्ने क्रममा रहेको मकै बाली ढलेर नष्ट भएको स्थानीय किसानहरूले बताएका छन् । विशेषगरी खेतबालीमा ठूलो असर परेको छ, जसले किसानहरूलाई गम्भीर आर्थिक मार परेको छ।
वृन्दावन नगरपालिका–१ का स्थानीय किसान राम अशिष



राउतले गत सोमबार आएको हावाहुरीले आंशिक क्षति गरेको मकै शुक्रबारको भीषण हावाहुरीले पूर्णरूपमा सखाप बनाएको बताए । 'पहिलेको हावाहुरीले केही ढालेको थियो, बाँकी रहेको मकै पनि अहिलेको असिनासहितको हावाहुरीले सबै नष्ट गरिदियो,' उनले भने।
वृन्दावन जल उपभोक्ता समितिका सचिव सुरेन्द्रप्रसाद पटेलका अनुसार वृन्दावन क्षेत्रमा मात्रै करिब २ सय बिघामा मकै खेती हुँदै आएको छ । तर शुक्रबार साँझको हावाहुरी र असिनाका कारण क्षेत्रमा मात्र १ करोड रुपैयाँभन्दा बढीको क्षति भएको उनले जानकारी दिए।
यसैगरी चन्द्रपुर, गुजरा र फतुवा विजयपुर नगरपालिकामा पनि मकै खेतीमा व्यापक क्षति पुगेको छ । ती क्षेत्रमा समेत असिना पानी र हावाहुरीका कारण ठूलो परिमाणमा कृषि नोक्सानी भएको प्रारम्भिक अनुमान गरिएको छ।
स्थानीय तह तथा सम्बन्धित निकायले क्षतिको विवरण सङ्कलन कार्य सुरु गरेका छन् भने पीडित किसानहरूले राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरेका छन्।

## जनकपुरधाममा रंगशाला निर्माण
## उच्च प्राथमिकतामा छः मन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका खेलकुद मन्त्री वसन्त कुशवाहाले जनकपुरधाममा रंगशाला निर्माण कार्यलाई सरकारको प्राथमिक योजनामा राखिएको बताएका छन् । उनले शनिबार जनकपुरधाममा आयोजित प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको उद्घाटन कार्यक्रममा बोल्दै प्रदेश सरकार खेलकुद पूर्वाधार विकासमा गम्भीरतापूर्वक लागिरहेको स्पष्ट पारे।
मन्त्री कुशवाहाका अनुसार जनकपुरधामस्थित रामजानकी बहुउद्देश्यीय रंगशालालाई प्रदेशको गौरवको आयोजनाका रूपमा अगाडि बढाइएको छ । विगत तीन वर्षदेखि परियोजनालाई प्राथमिकतासाथ अघि बढाइएको र आवश्यक प्रक्रियासमेत अघि बढिसकेको उनले जानकारी दिए।
उनले रंगशाला निर्माणका लागि डिजाइन तयार पार्ने काम सम्पन्न भइसकेको र गुठी संस्थानसँग खेल मैदानका लागि आवश्यक जग्गा लिजमा लिने सम्झौतासमेत भइसकेको उल्लेख गरे।
'खेलकुद कुनै पनि समाजको समग्र विकाससँग जोडिएको महत्वपूर्ण क्षेत्र हो,' मन्त्री कुशवाहाले भने, 'यस क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध छ।'
यसैबीच, प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताअन्तर्गत उद्घाटन खेल भने वर्षाका कारण प्रभावित भएको छ। कोशी प्रदेश र मधेश प्रदेशबीच हुने तय गरिएको खेल वर्षाका कारण रद्द गरिएको आयोजकले जनाएको छ।

# यातायात अवरुद्ध हुँदा दाउन्नेमा फसेका यात्रुको बिचल्ली

**मधेशदृष्टि**
**चितवन।**
पूर्व–पश्चिम राजमार्ग अन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापूर्व) को विनयी त्रिवेणी गाउँपालिका–२ स्थित दाउन्ने सडक खण्डमा यातायात सञ्चालन नहुँदा हजारौँ यात्रु फसेका छन् । लगातारको वर्षाका कारण सडक हिलाम्य भएपछि शनिबार बिहानैदेखि सवारी साधन सञ्चालनमा समस्या भएको हो । राति अबेरसम्म यातायात सञ्चालनमा आएको छैन।
शुक्रबार दिउँसोदेखि परेको वर्षाले दाउन्नेको उकालो खण्डमा सवारीसाधन चिप्लिएर गुड्न नसक्दा जाम लागेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक युवराज खड्काले बताए । उनका अनुसार घिउखोला, विश्वकर्मा मन्दिर क्षेत्र र पैसट्ठीमोड आसपासमा बढी समस्या देखिएको छ।
दाउन्ने खण्डमा सवारीसाधन फसेर जाम बढ्न थालेपछि पूर्वबाट पश्चिमतर्फ जाने ठूला तथा मालवाहक सवारी साधनलाई कावासोती क्षेत्रमै रोकिएको छ । यसअघि सडकको अवस्थालाई ध्यानमा राख्दै नारायणगढ–बुटवल सडक आयोजनाले दाउन्ने खण्डमा रातिको समयमा ठूला मालवाहक सवारीसाधन सञ्चालनमा रोक लगाएको थियो।
बुटवल–नारायणगढ सडक विस्तारअन्तर्गत दाउन्ने खण्डमा निर्माण भइरहेकाले सामान्य वर्षामै पनि सडक अवरुद्ध हुने समस्या दोहोरिँदै आएको छ । अवरोध हटाई सवारी सञ्चालन सहज बनाउन मर्मत तथा व्यवस्थापनको काम भइरहेको आयोजनाले जनाएको छ।

### हिउँमा फसेका २५० यात्रुको उद्धार

भारी हिमपातका कारण अवरुद्ध मध्यपहाडी लोकमार्गमा फसेका यात्रुको उद्धार गरिएको छ । बागलुङ र पूर्वी रुकुमको सिमाना पातिहाल्नेमा शुक्रबार रातिदेखि परेको भारी हिमपातका कारण फसेका दुई सय ५० भन्दा बढी यात्रुको उद्धार गरिएको हो।
नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसहित डोजरको प्रयाग गरी सडक खुलाएर यात्रुको उद्धार गरिएको पूर्वी रुकुमका सहायक प्रमुख जिल्ला अधिकारी समिर गौतमले जानकारी दिए । उनका अनुसार सातवटा बस, १० वटा मोटरसाइकल र एउटा जिपमा रहेका यात्रु समस्यमा परेका थिए।
सहायक प्रमुख जिल्ला अधिकारी गौतमले दुई जिल्लाको सिमाना क्षेत्रको करिब तीन किलोमिटर सडकको हिउँ पन्छाएर सडक खुलाएको र अब मौसम हेरेर मात्रै यात्रा गर्न आग्रह गरे । उनले भने, 'शुक्रबार साँझदेखि नै हिमपात भएको थियो, बिहानसम्म हिउँले सडक अवरुद्ध भयो । हामीले त्यो खबर पाउना साथ भूमे गाउँपालिकाको मेसिन लिएर सुरक्षाकर्मीसहित खटेका थियौँ, सडक खुलाएर यात्रु पनि गन्तव्यतिर लागेका छन्।'
इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख प्रहरी निरीक्षक तिलक मानन्धरले बागलुङ खण्डमा हिउँ परे पनि यातायात नरोकिएको बताए । काठमाडौँ, पोखरालगायतका स्थानबाट रुकुम, रोल्पा, जाजरकोट, डोल्पा, सल्यान, दैलेखलगायत स्थानमा पुग्ने सवारीसाधनलाई सडकको अवस्था बुझेर मात्रै यात्रा गर्न भनिएको उनले जानकारी दिए।

# एनआरएनएमा पैसा, शक्ति र राजनीति हावी हुनुहुँदैनः शर्मा

***काठमाडौँ ।***
*गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) लामो समयदेखिको विवाद र विभाजनपछि अन्ततः एकतामा आइपुगेको छ । सङ्घको ११ औँ महाधिवेशनबाट डा. हेमराज शर्माको नेतृत्वमा सर्वसम्मत कार्यसमिति बनेको छ । एनआरएनएभित्र प्राज्ञिक व्यक्तित्वको पहिचान बनाएका उनी विश्वविद्यालयमा प्राध्यापन गर्छन् । उनले अब सङ्गठनलाई नयाँ ऊर्जा र दृष्टिकोणसहित अगाडि बढाउने प्रतिबद्धता जनाएका छन् ।*
*शर्माको प्रतिबद्धता कार्यान्वयन हुने नहुने त हेर्न बाँकी नै छ, तर अहिलेको एकताले सकारात्मक सन्देश दिएकाले उनलाई आगामी दिनमा काम गर्न सहज हुने अनुमान भने गर्न सकिन्छ । सङ्घभित्रका समस्या, सुधारका लागि उनको भावी योजना, एनआरएनएको भविष्य, रणनीति र चुनौतीबारे गैरआवासीय नेपालीहरूको मुद्दा र सम्बोधनका योजना, एनआरएनएको लगानीलगायतका विषयमा राष्ट्रिय समाचार समिति (रासस) समाचारदाता प्रगति ढकालले डा. शर्मासँग गरेको अन्तरवार्ताको सम्पादित अंशः*

**लामो समयदेखि जारी विवाद र विभाजनका बीच अन्ततः एनआरएनएको एकता महाधिवेशन सफलतापूर्वक सम्पन्न भएको छ । यसै क्रममा तपाईं सर्वसम्मत रूपमा नेतृत्वमा निर्वाचित हुनुभएको छ । यस्तो जटिल परिस्थितिमा सबै पक्षलाई समेट्दै सहमति जुटाउन कसरी सम्भव भयो ?**
हाम्रो ११ औँ महाधिवेशनबाट निर्वाचित डाक्टर बद्री केसीको एउटा समिति थियो, र अर्को समिति महेश श्रेष्ठ ज्यूको, गत मे महिनादेखि निर्वाचित थियो । यी दुवै समितिलाई फेरि सर्वोच्च अदालतले मान्यता दिएको थियो ।
एउटै अदालतको फैसला भए पनि हामी समानान्तर रूपमा काम गर्दै थियौँ । तर हामी विभाजित हुँदा, नेपाल सरकार, नेपालको मिडिया, र आम गैरआवासी नेपालीहरूको दृष्टिकोण त्यति राम्रो थिएन । हाम्रो माथि केन्द्रमा विभाजन हुँदा यसको प्रभाव हाम्रो राष्ट्रिय समन्वय परिषद्मा पनि परेको थियो । आम गैरआवसीय नेपालीहरूबाट पनि मिल्नुपर्ने एक किसिमको दबाब थियो ।
वास्तवमा, महेश श्रेष्ठ निर्वाचित भएर आउँदा देखि नै हामी एकताको सम्भावनाबारे खोजी गर्दै थियौँ । त्यसपछि जेन्जी आन्दोलन भयो । जेन्जी आन्दोलनपछि हामीले निर्धारण गरेको अधिवेशन अक्टोबरमा हुने थियो । तर हामीले यसलाई सारेर अझ एकताको खोजी गर्ने निर्णय गर्यौँ । त्यसपछि हामीले अलि घनिष्ठ रूपमा छलफल गर्यौँ ।
नोभेम्बरमा, सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यूसँग हाम्रो सामूहिक भेटमा, हामीले दुवै पक्षलाई मिलाएर छ महिनाभित्र बृहत् एकताको अधिवेशन गर्ने सम्झौता गर्यौँ । सोअनुरूप, हामीले विभिन्न दुई समूहभित्रका उपसमूहहरू सबैलाई समेटेर, सबैको उपस्थितिमा र कार्यसमितिमा सबै पक्षको प्रतिनिधि हुनेगरी मेरो नेतृत्वमा कार्यसमिति गठन गरेका थियौँ ।
नेतृत्वको हिसाबले पनि म फरक धारको नेतृत्व भन्न रुचाउँछु । किनभने एनआरएनएको २३ वर्षको इतिहासमा ‘एकेडेमिक’ क्षेत्रबाट कोही नेतृत्वमा आएका थिएनन् । म आफैँ कुनै पार्टीको राजनीति वा पार्टीसँग आवद्ध नभएको हुनाले, यहाँ केही परिवर्तन भएको स्थिति छ । सही समयमा यो एकता भएको छ ।

**भनेको यहाँले राजनीतिक पहुँच हुने र पैसा हुने मात्रै एनआरएनएको नेतृत्वमा पुग्ने अवसर पाउछन् भन्ने भाष्यलाई चिरिदिनुभयो ?**
वास्तवमा, मेरो एकमात्र उद्देश्य एनआरएलाई स्वतन्त्र र ‘थ्री पि’ मुक्त बनाउनु हो । पहिलो पी भनेको एउटा कुनै पनि राजनीतिक पार्टीसँग आस्था राख्ने पोलिटिक्स हो, हाम्रो आन्तरिक राजनीति त छँदै छ । अर्को पी भनेको चुनावमा अनावश्यक रूपमा पैसाले प्रभाव पार्नुहुँदैन भन्ने थियो ।
अर्को पी भनेको पावर रहेको छ । यहाँ एनआरमा आइसकेपछि नेपाल सरकारसँग हुने पहुँचलाई दुरूपयोग गर्ने होइन । तर यो थ्री पीबाट एनआरएनए स्वतन्त्र र मुक्त हुनुपर्छ भन्ने अभियान पनि थियो । यही कारणले गर्दा, हामी विभाजन र खिचातानी हुँने र हामीप्रति धेरै गैरवासी नेपालीहरूको आकर्षण कम भएको थियो ।
अहिले ८० लाख गैरआवासीय नेपाली छौँ, भन्छौँ तर आबद्धताको हिसाबले अहिले करिब एक लाख ३० हजार मात्र सदस्यहरू छन् । यो करिब दुई प्रतिशत मात्र हो । ९८ प्रतिशत गैरवासी नेपाली हामीसँग आबद्ध नै छैनन् । उनीहरूलाई पनि हामीले समेटेर ल्याउनुपर्छ । यदि नेपाल सरकारले अपेक्षा गरेअनुसार लगानी भिल्याउने, बौद्धिक लगानीभित्र ल्याउने, ज्ञान ट्रान्सफर गर्ने हो भने सबैलाई एनआरएनएमा जोड्न जरुरी छ ।

**लामो समयदेखि देखिएको विवाद अन्त्य गर्दै संस्थाको एकता कायम राख्न, विश्वास पुनःस्थापना गर्न पक्कै पनि यहाँलाई चुनौती होला । यी र यस्ता किसिमको चुनौती समाधान गर्दै एनआरएनएलाई थप सशक्त बनाउने यहाँको योजना के छ नि ?**
मेरो पहिलो चुनौती भनेको बाहिर रहेका साथीहरूलाई एकै टिममा ल्याउनु हो । हिजो सामाजिक सञ्जालमा अलग–अलग विचार राख्ने साथीहरू अहिले एउटै टिममा छन् । उनीहरूबीच सकारात्मक वातावरण बनाउने यो हाम्रो पहिलो चुनौती हो । अर्को चुनौती भनेको, यो एकतालाई दिगो बनाउनु हो ।
अर्को कुरा, एनआरएनलाई ‘रिब्रान्डिङ’ गर्नुपर्यो, किनभने, सन् २००३ सालमा जुन संस्था स्थापना भएको थियो, त्यतिबेला विदेशमा बस्ने हामी पाँच लाख नेपाली थियौँ । त्यतिबेला हाम्रो पहिलो ‘जेनेरेसन’को बच्चाहरू जन्मेका थिए । अब अहिले धेरै परिवर्तन भएको छ । अहिले संख्या ८० लाखसम्म पुगेको छ । अब हाम्रा बच्चाहरू दोस्रो जेनेरेसनमा प्रवेश गरिसकेका छन् ।
‘पोलिटिकल’ हिसाबले हेर्ने हो भने, नेपालको विश्वस्तरको राजनीतिक परिवेश पनि धेरै परिवर्तन भएको छ । त्यतिबेला पुरानो तरिका ठीक थियो । तर अब यो नयाँ परिवेशमा हामीले यसलाई अनुकूल बनाउनुपर्ने छ । अब पूरै परिवर्तन गर्नुपर्छ । एनआरएन भनेको के हो, एनआरएनलाई हेर्ने दृष्टिकोण के हो र एनआरएन भनेको केवल आर्थिक लगानी मात्र हो कि होइन भन्ने कुरा स्पष्ट हुनुपर्छ । एनआरएन भनेको बाहिर बस्ने नेपाली मात्र होइन । खाडीमा जाने नेपालीहरू दोस्रो पुस्तामा प्रवेश गर्दैछन् । पाँच पुस्ताअघि बर्मा, थाइल्याण्ड, मलेसियामा गएका नेपालीहरू पनि छन् । यदि ती सबै नेपालीहरूलाई जोड्न सकियो भने मात्र पेसागत मान्छेहरूलाई जोड्न सकिन्छ, र यसरी मात्र यो संस्था बलियो हुन्छ ।
साच्चिकै, राज्यले अपेक्षा गरेअनुसार काम गर्न पनि यसरी मात्र सम्भव हुन्छ । अब मेरो डेढ वर्षको ‘फोकस’ भनेको लगानी त आफ्नो छँदैछ । तर नागरिकताको विषयलगायतका गैरआवसीय नेपालीसँग जोडिएका मुद्दाहरू सम्बोधन गर्न लाग्ने छु । यस अवधिमा च्यारिटी कार्यक्रम अलि कति कम गर्ने निर्णय पनि गरेका छौँ । मध्यपर्वमा समस्या परेका साथीहरूलाई सहयोग गर्न सक्छौँ । सहयोग गर्दा मात्र हाम्रो कनेक्शन बलियो हुन्छ ।

**यहाँले भन्नुभएको जस्तै विदेशमा रहने ८० लाख नेपालीलाई एनआरएनएमा जोड्न कतिको सम्भव छ ?**
मेरो समग्र दृष्टि भनेको बाहिर भएका सबै खालका गैरवासी नेपालीलाई सङ्घसँग जोड्ने र सङ्गठनलाई ठूलो बनाउने हो । यसका लागि संस्थागत र वैधानिक संरचना सुधार गर्नुपर्छ । उदाहरणका लागि, हालको निर्वाचन प्रणाली यस्तो छ कि सदस्यलाई काठमाडौँ आउनुपर्ने, भोट दिनुपर्ने, र लाखौँ खर्च गर्नुपर्ने हुन्छ । यस प्रणालीमा धेरैले सहभागी हुँदैनन् । तर, अहिले यो एकता महाअधिवेशनले निर्णय गरेको छ कि निर्वाचनको लागि काठमाडौँ आउन जरूरी छैन । आआफ्नो स्थानबाट प्रत्येक पञ्किरण सदस्यले प्रत्यक्ष अनलाइन मतदान गर्न सक्छन् । यसरी नेतृत्व चयन गर्दा धेरै सकारात्मक परिवर्तन आउनेछ । किनभने, हामी डायस्पोराको शक्ति प्रयोग गर्न सक्छौँ । अहिले हामीसँग करिब एक लाख ३० हजार सदस्य छन् । यसलाई खुला मतदान प्रणालीमार्फत सबैले भोट हाल्न सक्ने बनाइएमा, हाम्रो अपेक्षित सक्रिय सदस्य संख्या करिब तीन लाख पुग्न सक्छ ।
विस्तारै सदस्य संख्या बढेर सात–आठ लाखसम्म पुग्न सक्नेछ । त्यहाँबाट निर्वाचित अध्यक्षको शक्ति करिब राष्ट्रिय दलहरूको शक्ति बराबर हुने सम्भावना हुन्छ । त्यसपछि मात्र हामी सरकारसँग आँखामा आँखामा जुधाएर हाम्रा मुद्दामा नेगोसिएसन गर्न सक्छौँ । यो आफैँमा ठूलो फोर्स हुनेछ । यदि त्यत्रो नेटवर्क बलियो भयो भने, यो एउटा किसिमको रेभोलुसन नै हुनेछ । यो मेरो ल्याएको एउटा मेजर एजेन्डा थियो, र यसलाई अहिलेको अधिवेशनले पारित गरेको छ । यसलाई हामीले इम्प्लिमेन्ट गरेर हेर्नेछौँ ।
पहिलो पुस्तामा अलि बढी पोलिटिक्ससँग आबद्ध र व्यवसायसँग आबद्ध साथीहरू मात्र हुनुहुन्छ । एनआरएन भनेको ‘रिच म्यानरको क्लब’ हो र त्यहाँ जहिले पोलिटिकल प्लेग्राउन्डजस्तो देखिन्छ भन्ने थियो । तर म नेतृत्वमा आएपछि, म कुनै पार्टीसँग आबद्ध नभएको र एकेडेमिक सेक्टरबाट आएको हुनाले, अब यसमा नयाँ उर्जा जान्छ जस्तो लाग्छ । यद्यपि, पहिलो दुई–चार महिनामा कस्तो प्रकारको प्रोग्राम लिएर आउँछौँ भन्ने पनि महत्त्वपूर्ण हुनेछ ।
यसैगरी विदेशमा काम गर्न जाने श्रमिकहरूलाई तालिम दिने योजना बनाएका छौँ । विदेश जाँदा प्लेन कसरी चढ्ने, एयरपोर्टबाट कसरी झर्ने, त्यहाँका समस्याहरू के हुन्, कानुनी अधिकार के–के छन्, भाषाका समस्या के के छ रु सांस्कृतिक बाधा के–के छन्, रु गर्न मिल्ने–नमिल्ने कुराहरू के हुन् ? यी सबै ज्ञान भएमा सजिलो हुन्छ । यस्ता ज्ञान नहुँदा अनावश्यक झन्झटमा पर्न सकिन्छ ।
विभिन्न देशका एनसिसी–राष्ट्रिय समन्वय परिषद् अध्यक्षहरूको नेतृत्वमा तालिम दिन सकेमा श्रमिकले स्पष्ट जानकारी पाउन सक्छन् ।
हामीले हरेक महिना एउटा नियमित प्रोग्राम राख्न सक्नेछौँ । हाम्रो साथीहरूले जुममार्फत, एउटा ट्रेनिङ दिनेछन् । त्यसपछि कनेक्शन निर्माण हुन्छ । यहाँबाट जाँदा, सहभागीले एनआरएन खोज्न थाल्छन् ।
विद्यार्थीहरू विदेश पढ्न जाँदा कतिपय ‘कन्सल्टेन्ट’हरूले गलत जानकारी दिन सक्छन् । त्यसैले हामीले नियमित एक दिन ‘ओरिएन्टेसन प्रोग्राम’ राखेका छौँ । यसरी, अस्ट्रेलिया वा अमेरिका जाने हाम्रा विद्यार्थीहरू पनि लिडर रोलमा आउँछन् । विदेश बस्ने नेपालीलाई खेलकुदमार्फत नेपालसँग जोड्ने गरी कार्यक्रम गर्ने छौँ ।
अर्को भनेको ६०–६५ वर्ष उमेर पुगेका व्याक्तिहरूको १०–१५ वर्ष काम गर्न सक्ने ऊर्जा हुन्छ । विदेशमा उनीहरू कमसेकम एक्लोपन महसुस गरिरहेका छन् । उनीहरूलाई पनि आकर्षित गर्न ‘स्पेसिफिक प्रोग्राम’ राखेका छौँ । यो ‘टेक्नोलोजी’ वा अन्य प्रोग्राममार्फत सुरु गर्दा धेरै मानिसहरू सहभागी हुनेछन् । यसका लागि पूर्वाधार तयार पार्नु पर्छ, र संस्थाले पनि इन्टेन्सन (सक्रियता) लिनुपर्छ । चुनौती त छ तर अहिले सुरु गर्दा अर्को कार्यकालले कार्यन्वयन गर्ने विश्वास छ ।

**अहिलेसम्म एनआरएनएको लगानी खासै भिजिवल देखिँदैन, अब भने कसरी भिजिवल बनाउने योजना छ नि ?**
लगानीको कुरा दुई किसिमले हेर्नुपर्छ । व्यक्तिले गरेको लगानी त प्रशस्तै छ । उदाहरणका लागि, एनआरएनएका पूर्वअध्यक्ष शेष घलेको लगानीमा १०–१२ अर्बको होटेल निर्माण भएको छ । संस्थापक अध्यक्ष उपेन्द्र महतोको अस्पताल छ । पूर्व अध्यक्षहरू जिवा लामिछाने, भवन भट्टले पनि नेपालमा लगानी भएको छ । जुन हामी प्रत्यक्ष देख्न सक्छौँ ।
संस्थागत रूपमा, एनआरएन सामाजिक संस्था भएकाले आफैँ लगानी गर्नुपर्दैन । यसको काम भनेको, बाहिर रहेका सम्भावित लगानीकर्ताहरूलाई पहिचान गर्नु र यदि एनआरएनका ‘लिडर’हरूसँग कुनै प्रोजेक्ट छ भने त्यसमा लगानी वातावरण बनाउनु हो । अहिलेसम्म यो मोडलमा काम भइरहेको भए पनि तर खुला छैन ।
पदाधिकारीहरूले एउटा हाइड्रोप प्रोजेक्ट लिए भने यसलाई ओपनभन्दा पनि चिनेको हाम्रा साथीहरूसँग तपाईंले लगानी ल्याउनसक्नुहुन्छ भन्न सक्छौँ । तर एकदमै खुला रूपमा कलेक्टिभ इन्भेस्टमेन्टका दुई वटा मात्रै प्रोजेक्ट छन् । एनआरएन इन्फ्रास्ट्रक्चरको अहिले सेयर मार्केट पनि धेरै उच्च भइसकेको छ । सुरुमा हामीले यो लमजुङको दर्दी खोला जलविद्युत् आयोजनामा लगानी गरेका थियौँ ।
पछिल्लो १० अर्बको भनेको नेपाल सरकारले पाँच प्रतिशत लगानी गरेर अगाडि बढाउने हो । यसको कम्पनी स्थापित हुँदैछ । हामीबीचको विभाजनको कारणले अलि कति प्रभाव परेको छ । नेपाल सरकारले गर्नुपर्ने केही नीतिगत र व्यवहारिक कुराहरू त्यहाँ पूरा गर्न बाँकी छन्, । अब अन्तिम चरणमा छन् ।
नेपालमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसकेर अब नयाँ सरकार पनि बन्दै छ । सरकारको नेतृत्व गर्न लागेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को घोषणापत्र हेर्दा लगानीमैत्री वा डायस्पोरा फ्रेन्डली सरकार हुनेछ भन्ने अपेक्षा छ । अनि १० अर्बको प्रोजेक्ट पनि गति लिन सक्छ । मेरो विचारमा, १० अर्ब भन्नाले अहिले सुरुआती चरणमा मात्रै हो ।
यदि सरकारले नै नेतृत्व गरेर नेपाल इन्भेस्टमेन्ट फन्ड सुरु गर्यो भने अर्बपतिको मात्र होइनस सानो–थोरै कमाइ गर्ने व्यक्तिहरूको पनि लगानी जोड्न सकिन्छ र धेरै प्रोजेक्ट गर्न सकिन्छ ।

**गत भदौ २३ र २४ को जेन्जी आन्दोलनका कारण मानवीय क्षतिसँगै अर्बौं लगानी भएका भौतिक पूर्वाधारमा पनि क्षति भयो । यस्तो बेलामा अझै पनि गैरआवासीय नेपालीको मनोबल कमजोर भइरहेको होला । अब उनीहरूको मनोबल उच्च बनाउन र लगानीमैत्री वातावरण सुनिश्चिताका लागि भावी सरकारसँग कसरी समन्वय गर्नुहुन्छ नि ?**
जेन्जी आन्दोलनमा हाम्रो संस्थापक अध्यक्ष उपेन्द्र महतोको घरमा आगो लागेको थियो । बस्ने स्थिति पनि थिएन । किन भयो हामीलाई पनि अचम्म लागेको थियो । यो एउटा चुनौती हो, यस्तै अन्य चुनौतीहरू पनि आउन सक्छन् । तर यस्तै परिस्थितिमा हामीलाई चाहिने हो, ‘डायस्पोरा’ नेपाली । यो हाम्रो देश हो । हामीले पहिले पनि जनयुद्धको समयमा, लगानी ल्याएका थियौँ ।
लगानीमैत्री वतावरण बनाएर एनआरएनको लगानी बढाउन सरकारले पनि पहल गर्न जरुरी छ । सबै पार्टीको घोषणापत्र हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टीको घोषणापत्र डायस्पोराले चाहेको कुरा सम्बोधन गरेको छ । जस्तै नागरिकताको निरन्तरताको विषय र त्यहाँ लगानीमैत्री वातावरण पनि उल्लेख छ । राष्ट्रिय स्वतन्त्र पार्टीको कतिपय नेतृत्वमा पूर्वएनआरएनहरू छन्, र राष्ट्रिय समन्वय परिषदको विभिन्न पदमा काम गरेका व्यक्तिहरू पनि महत्त्वपूर्ण ठाउँमा पुगेका छन् । यसले हाम्रा मुद्दा अघि बढाउन सहज बनाउँछ ।
एनआरएन (गैरआवासीय नेपाली) हरूका समस्या ठाउँअनुसार फरक–फरक छन् । मध्य पूर्वका देशहरूमा बस्ने नेपालीहरूले प्रायः रोजगारीसँग सम्बन्धित समस्या भोग्छन् । जस्तै–‘वर्क पर्मिट’, स्वास्थ्य बीमा, काम गर्दा हुने चोटपटक, र कहिलेकाहीं मृत्युका घटनासमेत हुन्छ । युरोप र अन्य पश्चिमी देशहरूमा भने फरक चुनौती छ । त्यहाँ जन्मिएका वा हुर्किएका दोस्रो पुस्ताका नेपालीलाई नेपालसँग कसरी जोडिराख्ने भन्ने ठूलो प्रश्न छ । एसियाका केही देशहरू–जस्तै बर्मा, थाइल्याण्ड, फिजी–मा त नेपालीहरू पाँचौँ पुस्तासम्म पुगिसकेका छन् । उनीहरूलाई पनि नेपालसँग सम्बन्ध कायम राख्न गाह्रो भइरहेको छ । यसरी, एनआरएनका समस्या उनीहरू बसेको क्षेत्र अनुसार फरक–फरक देखिन्छन् ।
अहिले नेपालमा पनि विदेशमा रहेका नेपालीहरूको अवस्था कस्तो छ भन्ने स्पष्ट जानकारी छैन । हामीसँग ठ्याक्कै तथ्याङ्कभन्दा बढी अनुमान मात्रै छ ।
तर, हाम्रो सञ्जाल करिब ९० देशमा फैलिएको छ, जसबाट कुन–कुन देशमा कति नेपाली छन् भन्ने अनुमान गर्न सकिन्छ । संसारभरि नेपाली कहाँ छन्, उनीहरूका समस्या के छन्, र उनीहरूमा कस्तो सम्भावना (पोटेन्सियल) छ–यी सबै कुरा समेटेर एउटा ‘वाइट पेपर’ (अध्ययन प्रतिवेदन) बनाउन आवश्यक छ । यसमा आर्थिक लगानी, बौद्धिक योगदान, र अन्य सहयोगका क्षेत्रहरू पनि स्पष्ट गर्न सकिन्छ ।

# इँटा उद्योगबाट २३ भारतीयको उद्धार



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको डाक्रेश्वरी नगरपालिका–९ पत्थरगाढास्थित इँटा उद्योगबाट २३ भारतीय कामदारलाई उद्धार गरिएको छ । जबर्जस्ती काममा लगाइएको र पारिश्रमिक नदिएको उजुरीपछि राष्ट्रिय मानवअधिकार आयोगको टोलीले हस्तक्षेप गरेको हो ।
राजु साहले सञ्चालन गर्दै आएको ‘बाबा धर्मराज इँटा उद्योग’मा कार्यरत भारतको आसाम राज्यका ती कामदारलाई आयोगको मधेश प्रदेश कार्यालय जनकपुरधामले उद्धार गरेको जनाइएको छ ।
आयोगका मधेश प्रदेश प्रमुख बुद्धनारायण सहनीका अनुसार अनलाइनमार्फत प्राप्त उजुरीपछि स्थलगत अनुगमन गरिएको थियो ।
अनुगमनका क्रममा कामदारहरूलाई जबर्जस्ती श्रममा लगाइएको र ज्याला नदिएको आशंका देखिएपछि तत्काल उद्धार गरिएको उनले बताए ।
जिल्ला प्रहरी कार्यालय सप्तरीसँगको समन्वयमा ती कामदारलाई उद्योगबाट निकालेर सुरक्षित रूपमा जनकपुरधाम ल्याइएको छ । प्रारम्भिक विवरणअनुसार कामदारहरू ठेकेदारमार्फत उद्योगमा ल्याइएका थिए ।
घटनाबारे थप अनुसन्धान भइरहेको र कामदारमाथि भएको व्यवहार तथा श्रम शोषणसम्बन्धी पक्षहरूमा विस्तृत छानबिन गरिने आयोगले जनाएको छ ।

# हावाहुरीले क्षति पुर्‍याएको रौतहटमा पुगे धमला



**मधेशदृष्टि**
**वीरगंज ।**
हावाहुरीले पु¥याएको क्षति निरिक्षण गर्न ऋषि धमला रौतहट पुगेका छन् । २१ फागुनमा रौतहट–४ बाट उम्मेदवारी दिएका धमला शनिवार विहान रौतहट पुगेका हुन् । उनी हावाहुरीको कारण किसानको अन्नबाली नष्ट भएपछि अवलोकनको लागि पुगेका हुन् ।
उनी चन्द्रपुर–३ पुगेर कृषकहरूसंग भेटघाट गर्दै क्षतिको अवस्थवारे जानकारी लिए । हावाहुरीको कारण नष्ट भएको केराबारीको उनले अवलोकन गर्नुको साथै किसानको लागि राहतको पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।
केरा फलेर बजार लैजाने बेलामा किसान ठूलो मारमा परेको र करोडौंको क्षति पुगेको भन्दै स्थानीय सरकारलाई राहत उपलब्ध गराउनको लागि पनि दबाब दिने धमलाले बताएका छन् ।

# जातीय विभेद उन्मूलन दिवसमा ¥याली तथा सभा

**मधेशदृष्टि**
**सप्तरी ।**
६१ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको अवसरमा शनिवार सप्तरीको सुरुंगा नगरपालिका ४ कनकपुरमा ¥याली तथा सभा सम्पन्न भएको छ ।
जातीय विभेद विरुद्धका घटनाहरुमा पीडक पक्षबाट हुने दबाबको कारणले पीडितहरु झन् समस्यामा पर्ने गरेकाले सरोकारवालाहरुले सघाउनु पर्ने, कार्यक्रममा बक्ताहरूले माग गरेका छन् ।
नेपाल दलित मोर्चाका केन्द्रीय सदस्य प्रथमलाल रामले विभिन्न ठाउँमा दिनहुँ हुने जातीय विभेद, दलित महिला उत्पीडन, शोषण जस्ता घटनाहरुमा स्थानीय प्रशासन पीडितमैत्री नभएको गुनासो गरे ।
‘पीडितहरु आफूमाथि भएको घटनाको उजुरी गर्न प्रहरीमा जाँदा उल्टै हप्कीदप्की गरेर फकाईन्छ’ उनको आरोप थियो ।
कार्यक्रममा मुसहर समुदायकी युवा अगुवा सलिता सदाय, सामाजिक अभियन्ता इन्द्रप्रसाद रामलगायतले मन्तव्य प्रकट गरेका थिए ।

# अशक्त महिलाको उपचारमा मानवअधिकारकर्मी सक्रिय

**मधेशदृष्टि**
**लहान ।**
लहानस्थित रामकुमार शारदा, उमा प्रसाद मुरारका, प्रादेशिक अस्पतालको आकस्मिक कक्षमा एक सातादेखि उपचाररत बोल्न नसक्ने अपाङ्ग ४१ वर्षीया लिलादेवी साहको उपचारमा लहानका महिला मानवअधिकारकर्मीहरू जुटेका छन् ।
लहान–२३ की लिलादेवी साह कोभिड–१९ महामारीको समयमा पक्षघात भएपछि बोल्न नसक्ने अवस्थामा पुगेकी थिइन् ।
त्यसयता महिला मानवअधिकारकर्मी गीता देवी साह र जानकी यादवले अभिभावकको भूमिका निर्वाह गर्दै धरान र विराटनगरसम्म लगेर उपचार गराउँदै ज्यान जोगाउन सक्रिय रहँदै आएकी छिन् ।
केही दिनयता पुनः बिरामी परेपछि उहाँलाई प्रादेशिक अस्पताल, लहानमा भर्ना गराई दुवै अधिकारकर्मीले उपचार गराइरहेका छन् । आफ्नै परिवारका सदस्यले उपचार गर्न अस्वीकार गरेपछि उहाँहरूले अभिभावकत्व ग्रहण गर्दै उदाहरणीय कार्य गरेका छन् । सिरहाको भगवानपुर गाउँपालिका–२ मा विवाह भएकी लिलादेवी साहसँग पतिले सम्बन्धविच्छेद गरेपछि माइती र ससुराली दुवै पक्षले बेवास्ता गरेका थिए ।
त्यसपछि उहाँ लहानका होटलहरूमा भाडा भाँडा माझेर जीविकोपार्जन गर्दै आएकी थिइन् । कोभिडकालमा रक्तचाप बढेर पक्षघात भएपछि उनी बोल्नसमेत नसक्ने अवस्थामा पुगेको मानवअधिकारकर्मी गीता साहले बताइन् ।

# विश्व वातावरण दिवसमा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व वातावरण दिवसको अवसरमा वीरगंज महानगरपालिका–२१, परवानीपुरस्थित स्वास्थ्य चौकी तथा श्रीराम जानकी मन्दिर परिसरमा वृक्षारोपण गरिएको छ ।
प्रतिष्ठित औद्योगिक घराना एमभी दुगड समूहले सामाजिक उत्तरदायित्व अन्तर्गत बृक्षारोपन गरेको हो । कार्यक्रममा विभिन्न प्रजातिका ५६ वटा बिरुवाहरु रोपिएको समुहका सह–अध्यक्ष सुभम दुगडले जानकारी गराए ।
वृक्षारोपण कार्यक्रममा वीरगंज–२१ लिपनी विर्ताका वडाध्यक्ष राधाकृष्ण रौनियार, विवेक अटोमोबाइल्सका प्रबन्धक वेदप्रकाश शर्मा, कर्मचारी स्पेयर्सपाट्र्स प्रमुख श्रीभगवान साह, प्रहरी चौकी परवानीपुरका प्रहरी नायब निरीक्षक शक्ति श्रेष्ठलगायतको सहभागिता थियो ।

# रौतहटमा सवारीको यान्त्रिक चेकजाँच सुरु



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा जिल्ला ट्राफिक कार्यालय र यातायात ब्यवस्थापन कार्यालय गौरको टोलीले सवारी साधनको यान्त्रिक चेकजाच सुरु गरेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयर रौतहट र यातायात व्यवस्था कार्यालय गौरको संयुक्त आयोजनामा ट्राफिक कार्यालयका प्रमुख,प्रहरी निरीक्षक राजेन्द्र थापा मगरको कमाण्डमा ७ जना र यातायात व्यवास्था कार्यालय, गौर रौतहटका मेकानिकल सुपरभाईजर अनिष साह लगायतको प्राविधिक टोलीले शनिबार पुर्व–पश्चिम महेन्द्र राजमार्गमा चेकजाँच सुरु गरेको हो ।
चन्द्रपुर ४ स्थित पुर्ब पश्चिम राजमार्गमा चल्ने ३५ वटा सार्वजनिक सवारी साधन (बस, ट्रक, टाटा सुमो, ईभी) हरुको यान्त्रिक परिक्षण गरी समस्या रहेका सवारी साधनहरुलाई आवश्यक मर्मत तथा सर्भिसिङ्ग गर्न सुझाव दिदै समयमा नै सवारी साधानहरुको यान्त्रिक परिक्षण गर्न सुझाव सहित सवारी दुर्घटना हुनबाट बच्ने उपायका बारेमा सचेत गराईएको ट्राफिक प्रहरी प्रमुख राजेन्द्र थापाले जानकारी दिए ।

# डिजिटल ठगीविरुद्ध सचेतना फैलाउँदै ‘ग्लोबल मनी विक’ कार्यक्रम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यसहित ग्लोबल मनी विक २०२६ को अवसरमा जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ । नेपाल राष्ट्र बैंक वीरगंज कार्यालयको पहलमा शनिबार घण्टाघर चौकमा सम्पन्न उक्त कार्यक्रममा सर्वसाधारणलाई वित्तीय सुरक्षासम्बन्धी महत्वपूर्ण जानकारी प्रदान गरिएको थियो ।
कार्यक्रममा पैसा ठगीका विभिन्न रूप, नक्कली नोट पहिचान गर्ने तरिका तथा पछिल्लो समय तीव्र रूपमा बढिरहेको डिजिटल ठगीका जोखिमबारे सहभागीहरूलाई सचेत गराइएको थियो ।
सो अवसरमा बोल्दै सुशील पौडेलले वर्तमान समयमा वित्तीय साक्षरता अत्यन्त आवश्यक विषय बनेको उल्लेख गर्दै सबै नागरिकलाई सचेत र सजग रहन आग्रह गरे । उनले डिजिटल भुक्तानी गर्दा अपनाउनुपर्ने सावधानी, नक्कली नोट छुट्याउने उपाय तथा अनलाइन माध्यमबाट हुने ठगीबाट बच्ने तरिकाबारे विस्तृत जानकारी दिए । निर्देशक पौडेलका अनुसार पछिल्ला दिनहरूमा डिजिटल प्लेटफर्ममार्फत ठगीका घटनामा वृद्धि देखिएकाले अपरिचित लिंक, फोन वा सन्देशमा विश्वास नगर्न सर्वसाधारणलाई आग्रह गरिएको छ । साथै, बैंकिङ कारोबार गर्दा आफ्ना गोप्य विवरण कसैसँग पनि साझेदारी नगर्नुपर्नेमा विशेष जोड दिइएको थियो ।




कार्यक्रममा स्थानीय व्यवसायी, बैंकका कर्मचारी, सर्वसाधारण तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उत्साहजनक उपस्थिति रहेको थियो । सहभागीहरूले यस्ता सचेतनामूलक कार्यक्रमले वित्तीय ज्ञान बढाउन ठोस सहयोग पुगेको धारणा व्यक्त गरेका थिए । नेपाल राष्ट्र बैंकले ग्लोबल मनी विकको अवसर पारेर देशभर नै यस्ता जनचेतनामूलक गतिविधि सञ्चालन गरिरहेको जनाएको छ ।


# मधेश प्रदेशका ४० वटा विद्यालय भवन निर्माण गरिने

**मधेशदृष्टि**
**वीरगंज।**
विद्यालय भवनको अभाव र जीर्ण अवस्थालाई मध्यनजर गर्दै अमेरिकी आइएनजिओ ‘विल्डअन’ नेपालले मधेश प्रदेशमा ४० वटा आधारभूत विद्यालय भवन निर्माण गर्ने योजना अघि बढाएको छ । सन् २०२६ भित्र लक्ष्य पूरा गर्नेगरी काम सुरु गरिएको हो।
यसै विच सिरहामा भएको त्रिपक्षीय सम्झौता अनुसार भवन निर्माण सुरु भएको छ । ‘विल्डअन’ नेपाल, लहान नगरपालिका र स्थानीय समुदायबीच त्रिपक्षीय सम्झौता भएअनुसार लहान–२ को भानु आधारभूत विद्यालय, लहान–१ को सिंगराही मटियर्वा विद्यालय र लहान–४ को मधेश सहिद विजय सहनी आधारभूत विद्यालयमा भवन तथा शौचालय निर्माणको शुक्रवार र




शनिवार शिलान्यास गरिएको छ।
सम्झौता अनुसार निर्माणमा संस्थाले करिब ३३ लाख रुपैयाँ र नगरपालिकाले १५ लाख रुपैयाँ योगदान गर्नेछ भने स्थानीय समुदायको श्रमदान अनिवार्य गरिएको छ।
निर्माण संस्था विल्डन नेपालका अनुसार सिरहामा २० वटा सहित समग्र मधेस प्रदेशमा ४० वटा विद्यालय भवन निर्माण गर्ने लक्ष्य छ।
प्रत्येक भवन सम्झौता भएको तीन महिना १६ दिनभित्र निर्माण सम्पन्न गरिसक्ने योजना रहेको जनाइएको छ । ‘विल्डअन’ले विकासोन्मुख देशहरूमा विद्यालय पूर्वाधार निर्माण गर्दै आएको छ।

# यस वर्ष पर्सामा धान उत्पादनमा गिरावट



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्लामा वितेको धानबाली उत्पादनमा विगतका बर्षहरूभन्दा गिरावट आएको देखिएको छ। कृषि ज्ञान केन्द्र पर्साका अनुसार वितेका वर्षको तुलनामा यस वर्ष पर्सामा २४ हजार ९ सय ९७ मेट्रिक टन कम धान उत्पादन भएको छ।
यो वर्ष वितेको पुस महिनासम्मको हिसाव गर्दा जिल्लाभर ४७ हजार १ सय ३० हेक्टर क्षेत्रफलमा धान खेती गरिएकोमा प्रतिहेक्टर ३ दशमलव ६७ मेट्रिक टनको दरले कूल १ लाख ७२ हजार ९ सय ६७ मेट्रिक टन धान उत्पादन भएको छ।
अघिल्लो वर्ष जिल्लामा सोही क्षेत्रफलमा धान खेती गरिएकोमा प्रति हेक्टर ४ दशमलव २ मेट्रिक टन उत्पादन भएको थियो । सो आधारमा १ लाख ९७ हजार ९ सय ४० मेट्रिक टन धान उत्पादन भएको थियो।
यसरी यस वर्ष धानको उत्पादन १२ दशमलव १६ प्रतिशतले घट्नु चिन्ताको विषय भएको कृषि विज्ञहरूले बताएका छन्। अव फेरी धान खेती लगाउने समय सुरु भइसेको छ।
वितेको धानबालीमा के के कमि कमजोरी भएको थियो सो बारे निश्कर्षमा पुगेर समाधानका उपायहरू अपनाउन नसके लगातार उत्पादन घटने समस्या आउन सक्ने भन्दै पर्सेली किसानले चिन्ता जाहेर गरेका छन्।
यस सम्बन्धमा कृषि ज्ञान केन्द्र पर्साका प्रमुख रामजीवन ठाकुरले भने वितेको धानबालीको समयमा बेमौसमी वर्षा र त्यससँगै आएको बाढीले धान बालीमा गम्भीर क्षति पुर्‍याएको र त्यस अघि रोपनीको बेला खडेरी परेकोले धानको उत्पादनमा असर परेको बताएका छन्।

# आश्रममा दैनिक उपभोग्य सामाग्री प्रदान



**मधेशदृष्टि**
**वीरगंज ।**
उपकार सेवा नेपालले पर्साको ठोरी गाउँपालिका वडा नं. १ भगवाननगरस्थित वृद्ध–वृद्धा आश्रममा आश्रितहरूका लागि एक महिनालाई पुग्ने दैनिक उपभोग्य सामाग्री प्रदान गरेको छ । आश्रममा १७ जना अपाङ्ग, सुस्त मनस्थिति भएका साथै वृद्धवृद्धा, असाहाय आमाबुवा तथा बालबालिकाहरू समेत रहेका छन् । उपकार सेवाले चामल ६० किलो, स्वाबिन ५ किलो, खानेतेल ४ लिटर, मसुर दाल १० किलो, नुन १० किलो, लुगाधुने साबुन तथा बेसार–मसला लगायतका सामग्री उपलब्ध गराएको हो । संस्थाकी अध्यक्ष विद्या कुमारी सरावगीले आश्रमका सदस्य शेरबहादुर थिङलाई शनिवार वीरगंजमा उक्त सामाग्री हस्तानतरण गर्नु भएको सामाजिक अभियन्ता प्रकाश थारु जानकारी गराउनु भएको छ । उपकार सेवा नेपालले आश्रमका लागि आवश्यक सामग्री प्रत्येक महिना नियमित रुपमा प्रदान गर्दै आएको छ ।

# गणगौर पुजा हर्षोल्लासका साथ सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
मारवाडी समाजको अत्यन्त महत्वपूर्ण पर्व, गणगौर पूजा शनिवार हर्षोल्लास, श्रद्धा र भक्तिका साथ सम्पन्न भएको छ । यस अवसरमा मारवाडी समाजका महिलाहरूले भगवान शिवको पूजा–अर्चना गरी सुख–समृद्धि तथा अखण्ड सौभाग्यको कामना गर्दै गणगौर पर्वको विदाइ गरेका छन् ।
वीरगंज तथा रक्सौलका मारवाडी समुदायले गणगौर पर्वलाई श्रद्धा, भक्ति एवं धार्मिक आश्था पूर्वक परम्परागत रुपमा मनाउँदै आएका छन् । हरेक बर्ष करिब १८ दिनसम्म गणगौर पूजा गरेर, चैत्र शुक्ल पक्ष तृतीयाका दिन समापन गरिन्छ । समापनको साँझ बाजागाजा सहित शोभायाता निकाल्दै पोखरीमा पुगेर गणगौरको विसर्जन गरिन्छ ।
शनिबार साँझ रक्सौलका मारवाडी समुदायले सत्यनारायण मारवाडी पंचायती मन्दिरमा गणगौरको विधिपूर्वक समापन गरेको मारवाडी महिला समुदायकी अगुवा सोनु कावराले जानकारी गराउनु भएको छ । यता वीरगंजका मारवाडी समुदायले आज साँझ बाजागाजासहित शोभायात्रा निकाल्दै घडिअर्वा पोखरीमा गणगौरको विसर्जन गरेका छन् ।

# ‘ईद’ पर्व हर्षोल्लासका साथ मनाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
देशभरका मुस्लिम समुदायसँगै पर्सामा पनि शनिबार इद उल फित्र पर्व हर्षोल्लासका साथ मनाइएको छ । बिहान मुस्लिम धर्मावलम्बीहरू इदगाह र मस्जिदमा गई विशेष नमाज अदा गरेका छन् । पर्साको वीरगंज, पोखरिया, बहुदरमाई लगायतका स्थानमा विशेष उत्साहका साथ इद मनाइएको छ ।
नमाजपछि मुस्लिम समुदायले एकअर्कालाई अङ्गालो हालेर इदको शुभकामना आदानप्रदान गरेका छन् । इदका अवसरमा घरघरमा सेवई, खजुर लगायतका परिकार बनाएर आफन्त र पाहुनालाई सत्कार गर्ने परम्परा रहेको छ । यस दिन दीनदुःखीलाई दान दिने, ठूलाबडाबाट आशीर्वाद लिने र सानालाई आशीर्वाद दिने चलन पनि रहेको छ ।
एक महिनासम्म रोजा बसेपछि मनाइने इद उल फित्र मुस्लिम समुदायको महत्वपूर्ण पर्वका रूपमा मनाइन्छ । यस पर्वले आपसी सद्भाव, सहयोग र भाइचाराको सन्देश दिने विश्वास रहेको छ ।

# चुनौतिका बाबजुद उखु क्रसिङ सफतालपूर्वक सम्पन्न

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको रामनगरस्थित एभरेष्ट चिनी मिलले विविध चुनौतीका बाबजुद यस वर्षको उखु क्रसिङ सफलतापूर्वक सम्पन्न गरेको छ । गत पुस ७ गते सञ्चालनमा आएको मिलले चैत ६ गते राति २ बजेदेखि चालुको क्रसिङ औपचारिक रूपमा बन्द गरेको छ ।
यस वर्ष मिलले न्यूनतम ३१ लाख क्विन्टल उखु क्रसिङ गरी करिब दुई लाख ७९ हजार क्विन्टल चिनी उत्पादन गर्ने लक्ष्य राखेको थियो । तर उखु अभावका कारण २८ लाख ५३ हजार १७८ क्विन्टल मात्र क्रसिङ गर्न सकियो, जुन लक्ष्यभन्दा करिब २ लाख क्विन्टल कम हो ।
उद्योगका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरका अनुसार किसान आन्दोलन, मौसमी प्रतिकूलता, चुनावी व्यस्तता र उखु अभाव जस्ता समस्याले उत्पादनमा असर पारेको छ । आर्थिक वर्ष २०८१÷८२ को सत्रमा मिल ९२ दिन सञ्चालन भएको थियो भने यस वर्ष उखु अभावका कारण ८९ दिन मात्रै सञ्चालन हुन सकेको मिल व्यवस्थापन पक्षले जनाएको छ ।
निर्वाचन, सरसफाइ र उखु अभावका कारण क्रसिङ पटक–पटक प्रभावित भएको पनि ठाकुरले बताए । मिलले यस सिजनमा खरिद गरिएका उखुमध्ये फागुन २६ गतेसम्म २६ लाख ३२ हजार क्विन्टल उखुको एक अर्ब ६१ करोड ७२ लाखभन्दा बढी रकम एकहजार १७४ जना किसानको खातामा भुक्तानी गरिएको र बाँकी रकम पनि एक साताभित्र भुक्तानी गरिने वित्तीय महाप्रबन्धक ठाकुरले जानकारी दिएका छन् ।

# ‘हिरालाल केडिया ज्योतिर्मय पुरस्कार’ नेत्र विशेषज्ञ डा. पन्तलाई




वीरगंज।
२०८२ सालको ‘हिरालाल केडिया ज्योतिर्मय पुरस्कार’ नेत्र विशेषज्ञ डा. विद्याप्रसाद पन्तलाई अर्पण गरिएको छ । नेपालको आँखा उपचार सेवाको विकास र अन्धोपन निवारणमा अतुलनीय योगदान पु¥याए वापत प्रदान गरिएको सो पुरस्कारको राशि दुईलाख ५१ हजार १११ सहित सम्मानपत्र रहेको छ।
नेपाल नेत्रज्योति संघ अन्तर्गत सञ्चालित केडिया आँखा अस्पतालको ५१ औँ वार्षिकोत्सवका अवसरमा आयोजित विशेष कार्यक्रममा नेत्र विशेषज्ञ डा. पन्तलाई सो पुरस्कार अर्पण गरिएको हो। नेपालको दोस्रो तथा उपत्यकाबाहिरको पहिलो केडिया आँखा अस्पतालको स्थापना २०३१ साल फागुन १२ गते भएको थियो । अस्पतालले हालसम्म २८ लाखभन्दा बढी बिरामीको आँखा परीक्षण तथा ४ लाखभन्दा बढी शल्यक्रिया सम्पन्न गरिसकेको अस्पतालद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । साथै पछिल्लो एक वर्षमा मात्र अस्पतालले १ लाख ३७ हजारभन्दा बढी बिरामीको परीक्षण तथा करिब १७ हजार शल्यक्रिया गर्न सफल भएको छ।
सो समारोहमा लायन्स क्लब डिष्ट्रिक्ट ३२५ का मल्टिपल काउन्सिलका अध्यक्ष मिलन थापाले आगामी दिनमा अस्पतालद्वारा प्रदान गरिदै आएको गुणस्तरीय र सर्वसुलभ आँखा उपचार सेवालाई अझ बिस्तार गरिने जानकरी दिए । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेशकुमार केडियाले आगामी दिनमा आधुनिक प्रविधियुक्त नयाँ अस्पताल भवन निर्माण तथा सेवा विस्तार गर्ने योजना रहेको जानकारी दिए। अस्पतालले सोही अवसरमा बारा तथा पर्सा जिल्लाका सशस्त्र प्रहरी बलको ‘बोर्डर आउटपोस्टहरू’का लागि २८ ‘स्ट्रेचर’ हस्तान्तरण गरिएको थियो भने दृष्टिविहीन विद्यालयलाई थप ३ ‘स्ट्रेचर’ प्रदान गरिएको थियो। साथै, केडिया छात्रवृत्ति कार्यक्रमअन्तर्गत दृष्टिविहीन तथा श्रवण क्षमता कम भएका छ विद्यार्थीलाई जनही ११ हजार रुपैयाँका दरले छात्रवृत्ति वितरण गरिएको थियो।
नेपाल नेत्रज्योति संघले स्थापना कालदेखि सन् २०२४ को अन्त्यसम्म २८ वटा आँखा अस्पताल तथा २२६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिकसहित विभिन्न देशका गरी कुल ४ करोड ६८ लाख ६८ हजार ६० जनालाई आँखा उपचार सेवा प्रदान गरिएको छ । यस अवधिमा ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया सम्पन्न भइसकेको संघले जनाएको छ । रासस

# मोटरसाइकल चोरीको आरोपमा तीनजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहट र सर्लाहीका तीन युवक मोटरसाइकल चोरीको अभियोगमा ललितपुरबाट पक्राउ परेका छन् । पक्राउ पर्नेमा सर्लाही बरहथवा नगरपालिका २ घर भई टीकाथली बस्दै आएका २३ वर्षीय विशाल महतो, बरहथवा २ घर भई काठमाडौँ महानगरपालिका २३, नरेफाँट बस्ने २९ वर्षीय भीमबहादुर अधिकारी र रौतहट वृन्दावन नगरपालिका ९ घर भई हाल काठमाडौं कोटेश्वर बस्ने २७ वर्षीय सन्जीवकुमार कुसवाहा छन् । ललितपुरको महालक्ष्मी नगरपालिका ५, टीकाथलीमा ‘बाइक हस्पिटल’ नामक ग्यारेज सञ्चालन गरी चोरीका मोटरसाइकल खरिद–बिक्री गर्ने गरेको आरोपमा समूह नै पक्राउ परेको हो । जिल्ला प्रहरी परिसर ललितपुरका अनुसार ग्यारेजमा छापा मारी विभिन्न स्थानबाट चोरी गरी ल्याइएका मोटरसाइकल बरामद गरिएको छ ।



प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार चोरीका मोटरसाइकलमा इन्जिन र चेसिस नम्बरसमेत फेरबदल गरी नक्कली कागजात तयार पारेर बिक्री गर्ने गरिएको पाइएको छ । प्रहरीले उनीहरूको साथबाट केटीएम ड्यूक २५०, केटीएम ड्यूक २००, रोयल इन्फिल्ड ३५० र केटीएम एड्भेन्चर २५० गरी चारवटा मोटरसाइकल बरामद गरेको जनाएको छ ।

## सम्पादकीय

# मौसमको कहर र कृषिमा परनिर्भरताको चुनौती

नेपालमा चैत ६ र ७ गते देखिएको अस्वाभाविक मौसमी परिवर्तनले मुलुकभरको जनजीवन नराम्ररी प्रभावित बनाएको छ। प्रि–मनसुनको समयमा अचानक आएको तीव्र गतिको हावाहुरी, मेघगर्जनसहितको भारी वर्षा र असिनाले एकातिर सर्वसाधारणको दैनिक क्रियाकलापमा बाधा पुर्‍याएको छ भने अर्कोतिर ठूलो भौतिक क्षतिको जोखिम निम्त्याएको छ । मौसम पूर्वानुमान महाशाखाले पूर्वसतर्कता अपनाउन आग्रह गरे तापनि प्रकृतिको यो उग्र रूपले मानिसहरूलाई त्रसित तुल्याएको छ। सडक अवरुद्ध हुने, विद्युत् सेवा काटिने र ग्रामीण क्षेत्रमा कच्ची घरहरूमा क्षति पुग्ने जस्ता घटनाले जनजीवनलाई कष्टकर बनाएका छन्।

यस मौसमी विपत्तिको सबैभन्दा ठूलो मार कृषि क्षेत्रमा परेको छ। भर्खरै फुल्न थालेका र चिचिला लाग्दै गरेका आँपका फूलहरू हावाहुरी र असिनाले भुइँभरि झारेर सोत्तर बनाएको छ । मधेश र पहाडी क्षेत्रका किसानहरूका लागि यो वर्ष आँपको राम्रो उत्पादन हुने आशा थियो, तर प्रकृतिको यो निर्मम प्रहारले उनीहरूको सपनामा तुषारापात गरिदिएको छ। त्यति मात्र होइन, पाक्न लागेको गहुँ, तोरी र अन्य मौसमी बालीनाली पनि असिना र झरीले सत्यनास पारेको छ। वर्षभरि दुःख गरेर भित्र्याउने बेला भएको बाली आँखा अगाडि नष्ट हुँदा किसानहरू मर्माहत भएका छन्।

कृषिमा आएको यो गिरावटले नेपालको आयातमुखी अर्थतन्त्रलाई थप संकटमा धकेल्ने निश्चित छ। नेपाल पहिलेदेखि नै खाद्यान्न र फलफूलमा परनिर्भर रहँदै आएको छ, र यस्ता प्राकृतिक प्रकोपले त्यो निर्भरतालाई झनै बढावा दिन्छन् । स्वदेशी उत्पादनमा ह्रास आउनासाथ बजारमा मूल्यवृद्धि हुने र विदेशी मुलुकबाट अर्बौंका फलफूल र खाद्यान्न आयात गर्नुपर्ने बाध्यता सिर्जना हुन्छ । आफ्नै भूमिमा पर्याप्त उत्पादन हुने सम्भावना हुँदाहुँदै पनि मौसमको साथ नपाउनु र प्रविधिको अभावले गर्दा हामी सधैँ आयातमुखी हुनुपर्ने अवस्था विडम्बनापूर्ण छ।

पछिल्ला वर्षहरूमा देखिएको यस्तो अनिश्चित मौसम जलवायु परिवर्तनको प्रत्यक्ष असर हो भन्नेमा अब कुनै द्विविधा छैन। कहिले लामो समयसम्म खडेरी पर्नु त कहिले बेमौसमी वर्षा र हावाहुरी आउनुले नेपाली कृषिलाई अनिश्चितताको भुमरीमा फसाएको छ । मौसमले साथ नदिँदा र आकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता रहँदा किसानहरू पलायन हुने क्रम बढ्दो छ। जलवायु अनुकूलनका कार्यक्रमहरू र आधुनिक कृषि प्रणालीलाई प्रभावकारी रूपमा लागू गर्न नसक्दा सानो मौसमी फेरबदलले पनि राष्ट्रिय खाद्य सुरक्षामा ठूलो धक्का पुर्‍याउने गरेको छ।

अतः यस्तो संकटको घडीमा सरकारले केवल क्षतिपूर्ति र राहतका आश्वासन मात्र बाँडेर पुग्दैन। किसानहरूलाई परेको वास्तविक क्षतिको मूल्याङ्कन गरी तत्काल राहत उपलब्ध गराउनु र बाली बीमा कार्यक्रमलाई देशभर प्रभावकारी रूपमा विस्तार गर्नु अनिवार्य छ। साथै, आयातलाई प्रतिस्थापन गर्न स्वदेशी उत्पादन बढाउने र जलवायुमैत्री कृषि प्रविधिको विकासमा लगानी बढाउनु पर्छ। मौसमको प्रतिकूलतालाई चिर्दै कृषिमा आत्मनिर्भर बन्नका लागि राज्यले दीर्घकालीन सोच र ठोस योजनाका साथ अघि बढ्नु नै आजको मुख्य आवश्यकता हो।

# इरान युद्धको छायाँमा औषधि आपूर्तिमा नेपाललाई पर्ने असर

फणीन्द्र दाहाल

मध्यपूर्वमा जारी युद्धले आपूर्ति प्रणालीमा निम्त्याएका अवरोधका कारण नेपालमा औषधि उत्पादन र आयात प्रभावित हुन सक्ने चिन्ता व्यवसायीहरूले व्यक्त गरिरहँदा सम्भावित असरको आकलन गरेर उपयुक्त रणनीतिहरू कार्यान्वयनमा ल्याइने एकजना सरकारी अधिकारीले बताएका छन्।

औषधि व्यवस्था विभागको वेबसाइटका अनुसार नेपालमा करिब १३० वटा औषधि उद्योगहरू छन् जसमध्ये ८० वटाभन्दा बढी सञ्चालनमा रहेका नेपाल औषधि व्यवसायी सङ्घले जनाएको छ।

नेपाल औषधि व्यवसायी सङ्घका अध्यक्षले पेट्रोलियम पदार्थको आपूर्ति प्रणालीमा देखिएको अवरोधसँगै औषधिका लागि आवश्यक कच्चा पदार्थहरूको अभाव हुन थालेको र जारी लडाइँले निरन्तरता पाए ठूलो समस्या आउन सक्ने चेतावनी दिए।

औषधि व्यवस्था विभागका महानिर्देशकले पेट्रोलियम पदार्थको उत्पादन गर्ने क्रममा निस्कने कतिपय सह उत्पादनहरू औषधि बनाउन प्रयोग गर्ने गरिएको औँल्याउँदै आपूर्ति प्रणालीमा विश्वव्यापी रूपमा देखिने समस्याहरू नेपालमा पनि आउन सक्ने बताए।

बजारमा अहिले नै सलाइनका लागि कच्चा पदार्थको समस्या देखिएका गुनासाहरू आफूहरूले सुन्न थालेको भन्दै सम्भावित असरहरूको विस्तृत मूल्याङ्कन गरिने उनले बताएका छन्।

नेपालको एक अग्रणी औषधि उत्पादन कम्पनीका संस्थापकले सरकारका कैयौँ नीतिहरू औषधि उद्योग मैत्री नरहेका भन्दै झन्झटिलो प्रक्रिया अन्त्य गरिनुपर्नेमा जोड दिएका छन्।

औषधि उत्पादकहरू के भन्दैछन्?

सन् १९९१ देखि नेपालमा औषधि उत्पादन गर्दै आएको देउराली जनता फर्मास्यूटिकल प्रालिका संस्थापक एवं कार्यकारी निर्देशक हरिभक्त शर्माले कच्चा पदार्थको मूल्यवृद्धि भएको भन्दै सरकारले उद्योगहरूलाई सहयोग पुर्‍याउने नीति अँगाल्नुपर्ने अवस्था आएको बताए।

उनले भने, ‘धेरैजसो हाम्रा आपूर्तिकर्ताहरूले अहिले हामीहरू तिमीहरूको अर्डर नै लिन्नौँ भन्न थालिसके। कच्चा पदार्थ नै आएन भने हामीलाई भोलि औषधि बनाउन धेरै गाह्रो हुन्छ। यो बेला हामीसँग भएको कच्चा पदार्थ हामी बनाएर पठाउँछौँ र उपभोक्तालाई अभाव हुन नदिने प्रयास हामी गर्छौं।’

‘तर सामान नै ल्याउन सकिएन भने र मूल्य अत्यधिक बढ्यो भने उद्योगहरूले त्यो ल्याउन नै सक्दैनन्। आफ्नो बजार पनि सानो भएको हुनाले विश्वव्यापी रूपमा लेनदेन गरेर कुरा मिलाउने हैसियत पनि धेरै रहँदैन। त्यही भएर हामीले हाम्रो नीतिहरूमा समायानुकुल सुधारहरू गर्नुपर्छ।’

उनका अनुसार झन्डै दुई दशकदेखि उद्योगहरूलाई ‘एउटै मूल्यमा’ औषधि बेच्न सरकारले बाध्य पारिरहेको छ र कैयौँ नीतिहरूलाई नयाँ सरकारले अद्यावधिक गर्नुपर्ने आवश्यकता छ।

नेपाल औषधि व्यवसायी सङ्घका अध्यक्ष प्रकाश खण्डेलवालाले पेट्रोलियमका कतिपय सह उत्पादनहरू बिना औषधि उत्पादन गर्न नसकिने भन्दै त्यसको अभाव सुरु भइसकेको बताए।

उनले भने, ‘हाम्रोमा अधिकतम औषधि भारतबाट पैठारी भइरहेको छ । त्यहाँ पनि समस्या पर्न थालेको छ। अब कति दिनसम्म यो युद्ध जान्छ त्यसमा यहाँ कस्तो परिस्थिति उत्पन्न हुन्छ भन्ने निर्भर हुन्छ।’

उनले थपे, ‘नेपालमा कच्चा पदार्थ पनि बाहिरबाट नै आउँछ । धेरै कुरा हामी भारतबाट ल्याउँछौँ। त्यहाँ अभाव भएपछि यहाँ पनि अभाव भइहाल्छ। यो लामो समय चल्यो भने हामीलाई गाह्रो हुन्छ।’

यसै साता भारतीय अखबार द टाइम्स अफ इन्डियाको अनलाइन संस्करणमा प्रकाशित एउटा खबर अनुसार ‘रियाक्टर’ र वाष्प निस्कासनका लागि प्रयोग गरिने उपकरण सञ्चालनका लागि आवश्यक प्रोपेन ग्यासको चरम अभावका कारण गुजरात, महाराष्ट्र, तेलङ्गाना र आन्ध्र प्रदेशका कैयौँ फर्मास्यूटिकल कम्पनीहरू आंशिक वा पूर्ण बन्द भएका छन्।

त्यसले पारासिटामोलदेखि भिटमिन र होर्मोनसँग जोडिएका कतिपय औषधिको उत्पादनमा असर पारिरहेको उक्त विवरणमा जनाइएको छ । त्यसबाहेक कतिपय एन्टिबायोटिकहरूको उत्पादनमा पनि असर पर्न सक्ने चिन्ता त्यहाँका सरोकारवालाहरूले संस्थाहरूले गरिरहेका खबरहरू आएका छन्।

नियामक निकाय के गर्दै छ?

औषधि व्यवस्था विभागका महानिर्देशक नारायण ढकाल विश्वव्यापी आपूर्ति प्रणाली प्रभावित हुँदा त्यसको असर नेपालमा पनि देखिने भन्दै आफूहरूले सरोकारवाला पक्षहरूसँग छलफल अघि बढाउन लागेको बताउँछन्।

उनले भने, ‘अब केही समयपछि यसको असर पर्छ जुन नकार्न सकिँदैन । ढुवानीको खर्च बढ्ने भयो, कच्चा पदार्थको आपूर्तिमा असर पर्ने भनेपछि चाप परिहाल्छ। उत्पादकहरूसँग म कुरा गर्दै छु । उहाँहरूको लिखित रूपमा आएको छैन तर यो बेलामा सरकारले भ्याट लगाइरहेका निश्चित वस्तुहरूमा हेरिदिनुपर्‍यो भन्ने कुराहरू आइरहेको छ।’

सलाइनका लागि आवश्यक कतिपय कच्चा पदार्थमा समस्या देखिन सक्ने उल्लेख गरेका उनले आफूहरूले जारी सङ्कटले पार्ने असरको आकलन गर्न प्रयत्न गरिरहेको बताए।

ढकालले भने, ‘मैले उहाँहरूलाई के कस्तो असर पर्छ त्यसको वस्तुनिष्ठ विवरण दिनुहोला भनेको छु। अब एक दुई दिनमा थाहा हुन्छ।’

‘उद्योगहरूले एक तहको कच्चा पदार्थ भण्डारण गरेर राखेका हुन्छन्। कतिपयले दुई चार महिनासम्म पुग्ने गरी त्यस्ता सामग्रीहरू राख्छन् । भारतमा असर पर्‍यो भने त्यसपछिको चरणमा हामीलाई अप्ठेरो पर्छ होला । तर व्यवसायीहरूसँग एक चरण छलफल गरेपछि मात्र हामीलाई कस्तो असर पर्न सक्छ भन्न सकिन्छ।’

**व्यवसायीहरू के सुझाव दिन्छन्?**

नेपाल औषधि व्यवसायी सङ्घका अध्यक्ष प्रकाश खण्डेलवाला भारत र चीनबाट औषधिका कच्चा पदार्थ नेपाल आउने गरेका भन्दै सरकारले अहिलेदेखि नै कूटनीतिक पहलहरू अघि बढाउनुपर्ने बताउँछन्।

स्वास्थ्य मन्त्रालयमा अनौपचारिक ढङ्गले आफ्ना कुराहरू पुर्‍याएको बताएका उनले थपे, ‘हाम्रा छिमेकीहरू धेरै ठूलो जनसंख्या भएका देशहरू हुन्। उनीहरूलाई धेरै चाहिन्छ। तर हामीलाई थोरै हुँदा पनि हुन्छ। त्यही भएर अहिलेदेखि नै हाम्रोतर्फबाट पहल हुनु जरुरी छ।’

फागुनको तेस्रो साता भएको प्रतिनिधिसभाको चुनावबाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको झन्डै दुई तिहाइ सामर्थ्यसहितको सरकारले सत्ता सम्हाल्ने तयारी गरिरहँदा इन्धनदेखि आपूर्ति प्रणालीसँग जोडिएका कैयौँ चुनौतीहरू सतहमा आएका छन्।

इरानको प्रभाव क्षेत्रमा रहेको अन्तर्राष्ट्रिय जलमार्ग स्ट्रेट अफ होर्मुज बन्द गरिएसँगै संयुक्त राज्य अमेरिकासम्म औषधि आपूर्ति प्रणालीमा अप्ठेराहरू आउनसक्ने खबरहरू आइरहेका छन्।

देउराली जनता फर्मास्यूटिकल प्रालिका संस्थापक शर्मा नेपालका औषधि उद्योगहरू ‘चाहिनेभन्दा बढी’ नियममनको मारमा रहेको उल्लेख गर्दै आपूर्ति प्रणालीमा देखिएको सङ्कटले उद्योगहरूलाई नै बन्द गराउनसक्ने ठान्छन्।

उनले भने, ‘संसारभर उपभोक्ता मूल्य सूचकाङ्कले मूल्यलाई निर्धारण गरिरहेको हुन्छ। मुद्रास्फीतिले पनि त्यसलाई छोइरहेको हुन्छ। तर हाम्रोमा सरकारले राजपत्रमा सूचना निकालेर एक रुपियाँ, दुई रुपियाँ, पाँच रुपियाँमा औषधि बेच भन्छ। जबकि एक कप चिया नै २५–३० रुपियाँ भन्दा सस्तो पाइँदैन।’

उनले थपे, ‘गुणस्तरको मतलब नगरेर मूल्य मात्रै हेर्न थालेकाले नेपालमा ठूलै समस्या छ। उद्योगहरू विस्तारै बामे सर्न लागेको बेलामा सुधार गरिएन भने भोलि भइरहेका उद्योगहरू पनि बन्द हुन्छन् । विदेशबाट औषधि पनि ल्याउन सकिँदैन । तत्कालै पुराना नीतिहरू सच्याइनुपर्छ।’ बीबीसी

## न्यायको प्रतीक्षाः

# नयाँ सरकारसँग कठोर प्रश्न

***वैज्ञानिक अनुसन्धान, आधुनिक फरेन्सिक प्रविधि, स्वतन्त्र अनुसन्धान आयोग र पारदर्शी कानूनी प्रक्रियामार्फत पुराना घटनाहरूको सत्य पत्ता लगाउन सकिने ठाउँहरू छन् ।***

रूपक दाहाल

बिहानको चिसो हावा सहर र गाउँ दुवैतिर बिस्तारै फैलिँदै थियो। डाँडा, चोक र गल्लीका हरेक जसो चिया पसलमा मान्छेहरू चुनावको परिणामबारे बहस गरिरहेका थिए । रेडियोमा नयाँ राजनीतिक परिवर्तनका समाचार बजिरहेका थिए भने कसैले मोबाइलबाटै विभिन्न समाचार हेरिरहेका थिए।

बिहानै गाउँ घुम्दै जाँदा एउटा घरमा पुग्छु, जहाँ पुरानै ढर्रामा कतै भित्तामा झुन्डिएको रेडियो बजिरहेको थियो । उद्घोषकको स्वरमा निकै उत्साह थियो–देशमा नयाँ राजनीतिक शक्ति उदाएको छ, परिवर्तनको नयाँ अध्याय सुरु हुँदै छ। रेडियोको समाचार सुन्दै एक वृद्ध बुबा आफ्नो घरको आँगनमा शान्त बसेका थिए। चिया चिसिँदै गर्दा उनका आँखामा अनौठो प्रश्न झल्किरहेको संकेत मिल्थ्यो, ’के यो देशमा साँच्चै परिवर्तन आउला?’

लामो समययता देशमा भएका धेरै उतारचढाव र निराशापछि यो चुनावले फेरि एक पटक नेपाली समाजमा आशाको धिपधिपे बत्ती बलेझैँ देखिन्थ्यो । धेरै नागरिकले पुराना राजनीतिक संरचनाबाट निराश भएर नयाँ नेतृत्वतर्फ विश्वास राखेको छर्लङ्ग देखियो। यही सन्दर्भमा उदीयमान शक्ति बनेको राष्ट्रिय स्वतन्त्र पार्टी अहिले सरकार निर्माणतर्फ अघि बढिरहेको छ । तर परिवर्तनको उत्साहसँगै गम्भीर प्रश्न पनि समाज र जनताको मनभित्र गुन्जिरहेको छ–के यो परिवर्तन केवल राजनीतिक हुनेछ कि न्याय प्रणालीसम्म पनि पुग्नेछ ? गहिरो परिवर्तनसम्म पुग्नेछ सत्ता परिवर्तन?

हामीले नेपालको राजनीतिलाई सरसरती हेर्दा शक्तिको दुरुपयोग र आफ्नोबारे मात्र सोच्नेबाहेक बिरलै मान्छे देखेका छौँ। नेपाली सामाजिक स्मृतिमा भनौँ वा इतिहासमा नै केही घटना यस्ता छन्, जुन सजिलै हराउँदैनन् । ती घटनाहरू समाचारको पुरानो कटिङजस्तै मात्र होइनन्, समाजको आत्मामा लामो समयसम्म अंकित पीडा हुन्। ती घटनाले बारम्बार राज्यलाई एउटै प्रश्न सोध्छन्, ‘तिमीले न्याय किन दिन सकेनौ?’

यस्तै एउटा घटना हो निर्मला पन्तको बलात्कार र हत्या प्रकरण। त्यस दिन पनि अन्य दिनझैँ घाम झुल्केको थियो। एउटा किशोरी विद्यालय जान बाटोमा निस्किएकी थिइन् । उनको हातमा किताब थियो र मनमा भविष्यका सानासाना सपना। तर साँझ पर्दासम्म त्यो घरको आँगनमा असामान्य शून्यता फैलियो। अब निर्मलाको खोजी सुरु भयो। आशंका बढ्दै गयो र अन्ततः परिवारलाई स्तब्ध बनाउने खबर आयो। त्यस घट्नापछि देश पनि स्तब्ध भयो।

त्यसपछि देशभर आक्रोश फैलियो । सडकमा मानिस उत्रिए, नारा गुन्जिए, न्यायको माग गरियो । पत्रकारले अनुसन्धानको कमजोरीमाथि प्रश्न उठाए, नागरिक समाजले पारदर्शिताको माग गर्‍यो । सत्य अवश्य पनि बाहिर आउनेछ भन्ने लाग्यो त्यस समय। समय बित्दै जाँदा आन्दोलनको आवाज कमजोर हुँदै गयो। समाचारका शीर्षक फेरिए, तर त्यस घटनाको सत्य अझै प्रकट हुन सकेको छैन। नयाँ सरकारकै चर्चा सबैतिर चलिरहँदा देशका अनेकौँ घरमा रेडियोमा समाचारहरू बजिरहेकै होलान् । निर्मलाकै घरमा पनि कसैले चुपचाप समाचार सुन्दै हुनुहुन्छ होला। चुनावको परिणाम सुन्दा कसैले मनमनै सोधिरहनु भएको होला, ‘नयाँ सरकार आयो, अब हाम्री निर्मलाले पक्कै न्याय पाउलिन्!’

यो प्रश्न केवल एउटा परिवारको मात्र होइन। हामीकहाँ धेरै घटना छन्, जहाँ पीडित परिवारले वर्षौंसम्म एउटै प्रश्न बोकेर जीवन बिताएका छन् । कतै बलात्कार पीडितले न्याय नपाएर न्याय स्वयं हराएको छ। कतै हत्या प्रकरणहरू अनुसन्धानकै भुलभुलैयामा अल्झिए। किन यस्तो भयो? किन प्रमाण हरायो? किन अनुसन्धान कमजोर भयो? राजनीतिक दबाबले सत्यको बाटो मोडियो या अरू केही? प्रश्न यसरी आउँदै गर्दा धेरै यस्ता केस समयको धुलोमा हराए, तर पीडित परिवारको पीडा कहिल्यै हराएन।

कानूनका मर्मज्ञहरू भन्छन्, ‘न्याय ढिलो भए पनि यसको खोजी कहिल्यै रोकिँदैन।’ तर जब राज्य आफैँ अनुसन्धानमा असफल हुन्छ भने त्यति बेला नागरिकको विश्वास क्रमशः कमजोर हुन थाल्छ । एउटा देशको सबैभन्दा ठूलो पुँजी भनेकै नागरिकको राज्यप्रतिको विश्वास हो। जब त्यो विश्वास टुट्छ, तब राज्य र समाज बीचको अदृश्य दूरी पनि क्रमिक रूपमा बढ्न थाल्छ।

अब प्रश्न यही छ–के नयाँ सरकारले त्यो दूरी कम गर्न सक्छ त?

अबको नयाँ सरकारसँग केवल विकासका योजनाहरू ल्याउने जिम्मेवारी मात्र छैन। ऊसँग एउटा नैतिक जिम्मेवारी पनि छ–विगतका घाउहरूलाई मलमपट्टी गर्ने। पूरै निको पार्ने। सरकारले चाह्यो भने वर्षौंयँता बन्द रहेका फाइलहरू फेरि खोल्न सक्छ । वैज्ञानिक अनुसन्धान, आधुनिक फरेन्सिक प्रविधि, स्वतन्त्र अनुसन्धान आयोग र पारदर्शी कानूनी प्रक्रियामार्फत पुराना घटनाहरूको सत्य पत्ता लगाउन सकिने ठाउँहरू छन्।

विश्वका अन्य धेरै देशले यस्तै उदाहरण प्रस्तुत गरेका छन्। पुनः अनुसन्धान गरेर दशकौँ पुराना हत्या काण्डका सत्य बाहिर ल्याइएका छन् । ’कोल्ड केस’ अनुसन्धान प्रणालीले वर्षौँ पुराना रहस्यहरू पनि उजागर गरेकै छन्। प्रश्न उठ्छ अब के नेपालले पनि यस्तो साहसिक कदम चाल्न सक्छ?

यहाँ नयाँ सरकारसँग केही स्पष्ट प्रश्नहरू छन्:

क. नयाँ सरकारले अनुसन्धान निकायहरूलाई राजनीतिक प्रभावबाट पूर्ण रूपमा मुक्त बनाउनेछ?

ख. प्रहरी र अभियोजन प्रणालीलाई आधुनिक प्रविधिसँग जोड्नेछ?

घ. वर्षौंयँता अधुरा रहेका घटनाहरूको पुनः छानबिन गर्न स्वतन्त्र आयोग गठन गर्नेछन्?

ङ. सबैभन्दा महत्त्वपूर्ण कुरा, के उनीहरू सत्यको सामना गर्ने साहस राख्छन्?

कल्पना गरौँ–कुनै दिन बिहानको अखबारमा यस्तो समाचार शीर्षक देखिनेछ–वर्षौँ पुरानो हत्याकाण्डको रहस्य खुल्यो।

त्यस्तो समाचार पढ्दै गर्दा धेरै मानिसहरू न्याय नमरेकोमा खुसी होलान्। हर्षको आँसु बगाउलान् कतिले। धेरै वर्षयता अनुत्तरित रहेका प्रश्नहरूले उत्तर पाउने कुराले ढिलै भए पनि न्याय पाइनेछ भन्ने सन्देश आम जनतामा जाला।

इतिहासको संवेदनशील मोडमा उभिएको छ नेपाल । जनादेश केवल राजनीतिक अवसर मात्र नभई नैतिक परीक्षा पनि हो । नयाँ नेतृत्वले यदि साहस, पारदर्शिता र न्यायप्रतिको प्रतिबद्धता देखाउन सक्यो भने विगतका अधुरा अध्याय फेरि खोल्न सकिन्छ । किनकि, एउटा राष्ट्रको महानता केवल समृद्धिका आँकडाले मापन हुँदैन । त्यहाँका नागरिकले पाउने न्यायमा पनि सो मापन हुन्छ।

नेपालका धेरै घरमा मानिसहरू चुपचाप रेडियो सुन्दै छन्, समाचार पढ्दै छन् र मनमनै एउटै प्रश्न दोहोर्‍याइरहेका छन्–नयाँ सरकार, अब जनताले साँच्चै न्याय पाउनेछन् कि पुरानो असफल इतिहासहरूकै निरन्तरता कायम रहनेछ?

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक रासससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## निर्वाचनमा बालअधिकार उल्लङ्घनः

# अध्ययनले देखायो ३५० घटना




**काठमाडौं ।**
प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा बालअधिकारसम्बन्धी निर्वाचन आचारसंहिता कार्यान्वयन अध्ययन प्रतिवेदनले निर्वाचनअघि र निर्वाचनपछि ३५० उल्लङ्घनका घटना दर्ता भएको देखाएको छ । बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान नेपाल (सिजप) ले आफ्ना सदस्य संस्थाबाट गरिएको स्थलगत अवलोकन, प्रादेशिक सञ्जालबाट प्राप्त प्रतिवेदन, सञ्चारमाध्यमको निगरानी तथा 'डिजिटल प्लेटफर्म'को अनुगमनका आधारमा निर्वाचनअघि बालबालिकासम्बन्धी २८६ घटना दर्ता भएका जनाएको छ । निर्वाचनपछि १९ घटना भएका प्रतिवेदनमा उल्लेख छ ।
निर्वाचन प्रचारका क्रममा रौतहटको ईशनाथ नगरपालिका–४ मठियाटोलमा गत माघ २२ गते एकजना ४ वर्षीय बालिकाको गाडी ठक्करबाट मृत्यु भएको थियो । धनुषा जिल्ला मिथिला नगरपालिका–९ मा २०८२ फागुन १९ गते पुलमाथि राखिएको शङ्कास्पद वस्तु विस्फोट हुँदा १५ वर्षीया बालिका आशा भुजेल र आठ वर्षीय बालक सुशील माझी घाइते भएका थिए । पाँचथरको फिदिम र कास्कीको अन्नपूर्ण गाउँपालिकाको विद्यालयमा निर्वाचनअघि सुरक्षा निकायले हतियार सहित प्रवेश गरेको घटना पनि दर्ता भएको थियो ।
अध्ययनले निर्वाचनपूर्व राजनीतिक प्रचारप्रसारमा बालबालिकालाई झण्डा र चिह्न बोकेर जुलुस तथा आमसभामा सहभागी गराउने, राजनीतिक नाराहरू लगाउने, प्रचार सामग्री वितरण गर्ने, राजनीतिक पोशाक लगाउने, गीत तथा नृत्य कार्यक्रममा भाग लिन लगाउने जस्ता गतिविधिहरू गरिएको थियो । कतिपय घटनामा बालबालिकामार्फत प्रचार भिडियो र सामाजिक सञ्जाल सामग्री निर्माण गरी मत माग्ने वा विशेष दलको समर्थन गर्ने सन्देश सम्प्रेषण गरिएको प्रतिवेदनमा उल्लेख छ ।
विद्यालय पोशाकमै विद्यार्थीहरूलाई जुलुसमा सहभागी गराउने, राजनीतिक नेताहरूले विद्यालय भ्रमण गर्ने, विद्यालय नजिक चुनावी कार्यक्रम सञ्चालन हुने र बस प्रयोग हुने जस्ता गतिविधिले विद्यालयलाई बालमैत्री र राजनीतिक रूपमा तटस्थ स्थान बनाउन चुनौती पु–याएको अध्ययनले देखाएको छ । अभियानका अध्यक्ष तिलोत्तम पौडेलका अनुसार यस्ता क्रियाकलापले निर्वाचन आचारसंहिताको प्रत्यक्ष उल्लङ्घन गरेका छन् ।
अभिभावकले बालबालिकामार्फत मत माग्ने भिडियो बनाउने, सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिहरूले बालबालिकालाई राजनीतिक सामग्रीमा प्रयोग गर्ने, बालबालिकाले राजनीतिक सन्देश दोहो¥याउने वा प्रतिस्पर्धी दलको आलोचना गर्ने र भिडियो सामग्रीबाट आर्थिक लाभ उठाउने जस्ता गतिविधिले बालबालिकालाई जोखिममा राखेको प्रतिवेदनले औँल्याएको छ ।
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव दुर्गाप्रसाद चालिसेले चुनावमा मतदान अधिकृत रूपमा भूमिका निभाउँदै गर्दा बालबालिकाको दुरुपयोगको अवस्था कम गर्न सकिएको बताउँदै सरोकारवाला निकायको सहकार्य र खबरदारीका कारण यो सम्भव भएको बताउनुभयो । राष्ट्रिय बाल अधिकार परिषद्का कार्यक्रम संयोजक श्रीराम अधिकारीले बालबालिकाको दुरुपयोग रोक्न कानुनी रुपमा नै कडा व्यवस्था ल्याउनुपर्ने बताए ।
राष्ट्रिय मानव अधिकार आयोगका खिमानन्द बस्यालले विगतको निर्वाचनको तुलनामा यसपालीको निर्वाचनको समयमा बालबालिकाको दुरुपयोग केही कम भए पनि सुधारका धेरै काम बाँकी रहेको बताए ।
निर्वाचन आयोगले केही उल्लङ्घनको सम्बन्धमा कारबाही गरेको थियो । श्रम संस्कृति पार्टीलाई दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लङ्घन गरेकोमा रु २५ हजार जरिवाना गरेको छ । जाजरकोट क्षेत्र नं १ का उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि समान प्रावधान उल्लङ्घन गरेकोमा रु २५ हजार जरिवाना गरिएको आयोगले जनाएको छ ।
निर्वाचनअघिको तुलनामा मतदानको दिन बालबालिकासम्बन्धी प्रत्यक्ष उल्लङ्घनका घटना न्यून देखिएका थिए । मतदान केन्द्रको रूपमा विद्यालय भवनको व्यापक प्रयोगसम्बन्धी संरचनात्मक चुनौती देखा परेको छ । देशभरका १० हजार ९६७ मतदानस्थलमध्ये करिब ९ हजार ४५० विद्यालयमा स्थापना गरिएको थियो ।
अध्ययनले राजनीतिक दल, राज्य निकाय, समुदाय र परिवार सबैको जिम्मेवार भूमिका आवश्यक रहेको सुझाएको छ । राजनीतिक दललाई चुनावी अभियान, जुलुस, प्रचार सामग्री तथा डिजिटल सामग्रीमा बालबालिकालाई प्रयोग नगर्न, बालअधिकारको सम्मान गर्दै बालमैत्री चुनावी अभ्यास अपनाउन र विद्यालय तथा बालबालिका केन्द्रित स्थानमा चुनावी गतिविधि नगर्न सिफारिस गरिएको छ । प्रतिवेदनले निर्वाचन आयोगलाई बालबालिकाको प्रयोग निषेध गर्ने आचारसंहिताको प्रभावकारी अनुगमन, मतदाता शिक्षा कार्यक्रममा बालअधिकार सचेतना समावेश, सरकार र नीति निर्मातालाई कानुनी प्रावधान सुदृढ गर्ने, डिजिटल माध्यममा बालबालिकाको राजनीतिक प्रयोग रोक्न निर्देशिका बनाउन सुझाव दिएको छ । अभियानले सुरक्षा निकाय, परिवार, विद्यालय र समुदायलाई आफ्नो भूमिका निर्वाह गर्न आग्रह गरेको छ । अध्ययन सन् ५० जिल्लाका १०७ सदस्य संस्था, सातवटै प्रदेशका प्रदेश समिति, सामुदायिक रेडियो प्रसारक सङ्घ, बालबालिका क्षेत्रका विभिन्न सञ्जाल र नागरिक समाजको सहकार्यमा गरिएको थियो । अध्ययनका निम्ति अन्तरराष्ट्रिय गैरसरकारी संस्था सेभ द चिल्ड्रेनबाट प्राविधिक सहयोग प्राप्त भएको थियो । रासस

## सरकार राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर हुनुपर्ने



**काठमाडौं ।**
आम जनता पार्टी(आजपा) ले नयाँ सरकार राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धलगायत संवेदनशील विषयमा गम्भीर हुनुपर्नेमा जोड दिएको छ ।
पार्टी अध्यक्ष प्रभु साहको अध्यक्षतामा आज भएको केन्द्रीय कमिटी बैठकले ती विषयमा जोड दिएको हो ।
पार्टीका सचिवालय सदस्य सुभास साहका अनुसार बैठकले जनचाहना अनुरूप देशमा शान्ति, विकास, अमनचैन कायम गर्न नयाँ सरकार ठोस मार्गचित्रका साथ प्रस्तुत हुनुपर्ने सुझाव दिएको छ । रासस

## राष्ट्र निर्माणको दायित्व पूरा गर्न राष्ट्रपतिको आह्वान



**काठमाडौं ।**
राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा नागरिक स्वतन्त्रताका लागि भएका आन्दोलनमा मधेसी समुदायको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । मधेसी आयोग स्थापना दिवसका अवसरमा शनिबार राष्ट्रपति भवनमा आयोजित कार्यक्रममा उनले आन्दोलनका उद्देश्य स्वतन्त्रता, समभाव, सामाजिक न्याय, सुशासन, विकास र समृद्धिसहित राष्ट्रिय एकताको भावना अभिवृद्धि गर्नु रहेका बताए ।
जनचाहनालाई आत्मसात् गरेर राष्ट्र निर्माणका लागि अघि बढ्नु आजको आवश्यकता हो, हालै सम्पन्न निर्वाचनमार्फत जनताद्वारा अभिव्यक्त देश विकासको दायित्वलाई पूरा गर्न सबै पक्षलाई आह्वान गर्दछु, राष्ट्रपति पौडेलले भने । साथै उनले मधेसी समुदायले देश विकासमा पु¥याएको योगदानको सराहना गरे ।
आयोगले बितेका सात वर्षमा मधेसी समुदायको पहिचान र अधिकारका लागि आधार खडा गरेको बताउँदै राष्ट्रपतिले आगामी दिनमा पनि आयोग सक्रिय रहने पु¥याउने विश्वास व्यक्त गरे ।
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले मधेसभित्रका विविध भाषा, कला, संस्कृति र इतिहास नेपालका गौरव भएका बताए । उनले आगामी दिनमा मधेसी समुदायभित्र पछाडि परेका वर्ग, समुदाय, महिला र सीमान्तकृत समूहको हकहितका लागि आयोगले ठोस कार्यक्रम ल्याउने विश्वास व्यक्त गरे ।
राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सांस्कृतिक तथा भाषिक अधिकार सम्वद्र्धन र विकास आयोजना कार्यान्वयनमा मधेसी समुदायको सहभागितालगायत विषयमा सरकार जिम्मेवार हुनुपर्नेमा जोड दिए ।
त्यस अवसरमा आयोगका विविध सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो । रासस

## प्रदेश र स्थानीय तहलाई

# डेढ खर्ब वित्तीय समानीकरण अनुदान छुट्याउन सिफारिस

**काठमाडौँ ।**
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्षका लागि प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान शीर्षकमा १ खर्ब ५१ अर्ब ७० करोड ७८ लाख बराबर अनुदान छुट्याउन सरकारसमक्ष सिफारिस गरेको छ । आयोगले वित्तीय समानीकरण अनुदानको रकम प्रदेश सरकारको हकमा ६१ अर्ब ५० करोड ३२ लाख र स्थानीय सरकारलाई ९० अर्ब २० करोड ४६ लाख रुपैयाँ बराबर उपलब्ध गराउन सिफारिस गरेको हो ।
सङ्घीय सरकारले प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका लागि आयोगले नेपालको संविधान २०७२ को धारा ६०, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्थाअनुसार सिफारिस गर्दै आएको छ ।
आयोगले यसरी वित्तीय समानीकरण अनुदानका लागि सिफारिस गर्दा न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदानका वर्गीकरण गर्ने गरेको छ ।
आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान १५ अर्ब ३७ करोड ५८ लाख रुपैयाँ निर्धारण गरिएको छ ।
जुन प्रदेश सरकारले पाउने वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत हो ।
जनसङ्ख्या र क्षेत्रफललाई समान ५०÷५० प्रतिशत भार दिई प्रदेशले पाउने न्यूनतम अनुदानको हिस्सा निर्धारण गरिएको पनि आयोगले जनाएको छ । आगामी आर्थिक वर्षका लागि न्यूनतम अनुदान शीर्षकमा कोशी प्रदेशका लागि २ अर्ब ८२ करोड ६४ लाख, मधेशका लागि १ अर्ब ९० करोड ६० लाख, बागमतीका लागि २ अर्ब ७५ करोड ४२ लाख र गण्डकीका लागि १ अर्ब ८२ करोड २७ लाख रुपैयाँ बराबर सिफारिस गरिएको छ ।
त्यस्तै, लुम्बिनीका लागि २ अर्ब ४६ करोड ५७ लाख, कर्णालीका लागि १ अर्ब ७८ करोड ७४ लाख र सुदूरपश्चिम प्रदेशका लागि १ अर्ब ८१ करोड ३४ लाख रुपैयाँ बराबर सिफारिस गरिएको छ ।
आगामी आर्थिक वर्षका लागि स्थानीय तहले प्राप्त गर्ने न्यूनतम समानीकरण अनुदान ३० अर्ब ८३ करोड रुपैयाँ निर्धारण गरिएको पनि आयोगले जनाएको छ । जुन स्थानीय सरकारले पाउने कुल वित्तीय समानीकरण अनुदानको ३४.१८ प्रतिशत हुन आउँछ ।
सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानका लागि विभिन्न आधार तथा सूचकहरू तयार पारी त्यसको भार निर्धारण गरिएको आयोगको सिफारिसमा उल्लेख छ । जसमा मानव विकास सुचकाङ्कको १०, आर्थिक सामाजिक असमानताको ५, पूर्वाधार विकासको अवस्थालाई १५ र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमतालाई ७० प्रतिशत भार छुट्याइएको छ ।
न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदानको छुट्टाछुट्टै गणनी गरी कुल वित्तीय समानीकरण अनुदान निर्धारण गरिएको छ । यी तीनवटै शीर्षकको कुल अनुदानको रकम ७ करोड रुपैयाँभन्दा कम भएका स्थानीय सरकारलाई भने महानगरपालिकाहरुको सूत्रवापतको रकम कट्टा गरी थप गर्न पनि आयोगले सिफारिस गरेको छ । ४० वटा स्थानीय सरकारले न्यूनतम अनुदान र सुत्रमा आधारित अनुदानबाट ७ करोड रुपैयाँभन्दा कम रकम पाउने देखिएको छ ।
अनुदान रकमले स्थानीय सरकारहरूको संविधान प्रदत्त जिम्मेवारी न्यूनतम रुपमा पूरा गर्न पर्याप्त नहुने ठहर गरी प्रत्येक स्थानीय सरकारहरूलाई न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदान गरी कम्तीमा ७ करोड रुपैयाँ प्राप्त हुनेगरी स्थानीय सरकारहरूको आन्तरिक राजस्वको अवस्थासमेतको आधारमा महानगरपालिकाहरूको सूत्र बापतको रकममा करिब १०.८० प्रतिशतले कट्टागरी उक्त रकम त्यस्ता ४० वटा स्थानीय सरकारको अनुदानमा थप गर्नुपर्नेछ, आयोगको सिफारिसमा भनिएको छ । रासस

## अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसः छुवाछूत ऐन छ, कार्यान्वयन छैन

**काठमाडौँ ।**
शनिबार ६१औँ अन्तर्राष्ट्रिय जातिय विभेद उन्मूलन दिवस 'समान हक र समान अधिकारका लागि एकीकृत दलित आन्दोलन, समाजवादको आधार निर्माणको लागि संविधान संशोधन' देशका विभिन्न भागमा विविध कार्यक्रम गरी मनाईएको छ । शनिबार साँझ माइतीघरमण्डलमा दीप प्रज्ज्वलनको कार्यक्रम गरिएको छ । त्यसैगरी शनिबार बिहान यहाँ ¥याली आयोजना गरिएको थियो । राष्ट्रिय दलित आयोग र दलित संघ–संस्थाले शनिबार'दलित समुदायको न्यायमा पहुँचका लागि राज्य संरचनाको प्रभावकारी पहिचान' शीर्षकमा छलफल पनि कार्यक्रमको आयोजना गरेको छ । नेपालमा दलित समुदायमाथि हुने जातीय भेदभाव तथा छुवाछूत अझै कायम रहेको गुनासो दलित समुदायका अगुवाहरूले गरेका छन् । यसैबीच, प्रतिनिधिसभा सदस्य निर्वाचित गणेश विकले इनिषा विक प्रकरणलगायत देशका विभिन्न स्थानमा भएका घटनाको छानविन गरी दोषीमाथि कारबाहीका लागि माग गर्दै यस्ता घटना हुन नदिने अवस्था सिर्जना गर्न निरन्तर संघर्षमा लामबद्ध हुन सम्बद्ध सबैलाई आह्वान गरेका छन् । रासस

## मुस्लिम समुदायको पहिचानका लागि थप प्रभावकारी कार्यक्रम आवश्यकः उपराष्ट्रपति

ललितपुर ।
उपराष्ट्रपति रामसहायप्रसाद यादवले मुस्लिम आयोगले सात वर्षको अवधिमा पु¥याएको योगदान प्रशंसनीय रहेको उल्लेख गर्दै मुस्लिम समुदायको अधिकार, पहिचान र सशक्तीकरणमा अझ प्रभावकारी कार्यक्रम सञ्चालन आवश्यक रहेको बताएका छन् ।
मुस्लिम आयोगको सातौँ स्थापना दिवसको अवसरमा शनिबार आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले संविधानले सुनिश्चित गरेको समानता, न्याय र समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई मूर्तरूप दिन आयोगले शिक्षा, रोजगारी, महिला सशक्तीकरण, सामाजिक सद्भाव र सांस्कृतिक उत्थानका क्षेत्रमा उल्लेखनीय काम गरेको बताएका छन् । मुस्लिम समुदायले नेपालको इतिहास, संस्कृति, व्यापार, शिक्षा, कला र सामाजिक सद्भावमा पु¥याएको योगदान अमूल्य छ, उपराष्ट्रपति यादवले भने,मुस्लिम आयोगले भविष्यमा अझ उज्ज्वल यात्राको सङ्कल्प लिनुपर्ने आवश्यकता छ । त्यसका लागि मुस्लिम युवालाई गुणस्तरीय शिक्षा, निजामती सेवा, न्याय सेवा, सेना–प्रहरी तथा कूटनीतिक निकायमा जनसंख्याको आधारमा प्रतिनिधित्व सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । उनले मुस्लिम महिलालाई सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्न सक्षम बनाउने कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याएका छन् । नेपाल विविधता र सहअस्तित्वको सुन्दर बगैँचा हो, मुस्लिम समुदायले आफ्नो संस्कृति, परम्परा र विश्वासका फूलहरू फुलाउँदै साझा पहिचानलाई अझ सुगन्धित बनाएको छ, उपराष्ट्रपति यादवले भने । उनले मुस्लिम आयोगले समुदायको अधिकार प्रवद्र्धन, क्षमता विकास तथा सशक्तीकरणका कार्यक्रमलाई अझ प्रभावकारी ढङ्गले कार्यान्वयन गरी सुखी, समृद्ध र आत्मनिर्भर समुदाय निर्माणमा अग्रणी भूमिका खेलोस् भन्ने शुभेच्छा व्यक्त गरेका छन् । उपराष्ट्रपति यादवलेसम्पूर्ण इस्लाम धर्मावलम्बीहरूमा शनिबार मनाईएको ईद–उल–फित्रको पावन अवसरमा हार्दिक शुभकामना दिएका थिए । समारोहमा विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो । रासस

# झापाको कचनकवलमा मखनाखेती



**झापा ।**
मुलुकको होचो स्थानका रूपमा चिनिने झापाको कचनकवल गाउँपालिकामा पहिलोपटक व्यावसायिक रूपमा मखना (फक्स नट) खेती गर्ने तयारी भएको छ ।

कचनकवल–४ स्थित प्रसिद्ध पर्यटकीय क्षेत्र कचनकवल स्तम्भ आसपासको सिमसार क्षेत्रलाई सदुपयोग गर्दै स्थानीय किसानले मखनाखेतीको तयारी गरेका हुन् । गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईका अनुसार कचनकवल र छिमेकी झापा गाउँपालिकाका किसान सङ्गठित भएर पहिलो चरणमा करिब २५ बिघा जमिनमा मखनाखेती लगाउँदैछन् ।

अर्को वर्षदेखि १५० बिघाभन्दा बढी क्षेत्रफलमा खेती विस्तार गर्ने तयारी गरिरहेको उनले जानकारी दिए ।

'यसको बजार अवस्था र उत्पादन तथा बिक्रीवितरणबारे हामीलाई पनि जानकारी छैन', उनले भने, 'किसानले ठूलो योजनाका साथ खेती लगाउँदै हुनुहुन्छ, जिल्लामै यसको पहिलोपटक खेती गर्न लागिएको हो ।' 'स्थानीय विनोदकुमार गणेशसहित अगुवा किसानले बाँझो र दलदले सिमसार जमिनलाई भाडामा लिएर यसको व्यावसायिक खेती गर्ने बीउ उत्पादन गरिरहेका छन्', उपाध्यक्ष भट्टराईले भने । यसको रोपन वैशाख र जेठ महिनाभित्र गरिने उनले जानकारी दिए ।

परम्परागत खेतीभन्दा भिन्न हुनुका साथै विशेषगरी पानी जम्ने सिमसार क्षेत्रमा फस्टाउने मखनाका लागि कचनकवलको भूगोल निकै उपयुक्त मानिएको गाउँपालिकाको कृषि शाखाले जनाएको छ ।

कृषि शाखाका प्रमुख सङ्गम सापकोटाका अनुसार प्रशस्त पानी चाहिने यस खेतीका लागि यहाँको ओसिलो जमिन प्राकृतिक रूपमा वरदान सावित भएको छ । विगतमा छिमेकी मुलुक भारतको विहार र आसपासका क्षेत्रमा मात्र सीमित रहेको यो खेती नेपालमा व्यावसायिक रूपमा सुरु हुनुलाई कृषि क्षेत्रको ठूलो उपलब्धिका रूपमा लिइएको उनको भनाइ छ ।

कृषि शाखाले यस खेतीको प्राविधिक पक्ष र सम्भाव्यताको अनुगमन गर्ने तयारी गरिरहेको छ । स्वास्थ्यका दृष्टिकोणले 'सुपरफुड' मानिने र बजारमा उच्च माग रहेको मखनाको उत्पादनले स्थानीय किसानको आर्थिकस्तर उकास्ने मात्र नभई, कचनकवलको पर्यटन र पहिचानलाई नयाँ उचाइ दिने विश्वास लिइएको कृषि शाखा प्रमुख सापकोटाले बताए । अहिलेसम्म मखनाको बजार र प्रशोधन प्रविधिबारे स्थानीयस्तरमा पर्याप्त जानकारी नभए पनि किसानले ठूलो लगानी र योजनाका साथ सुरु गरेकाले यसको खेतीले झापामा कृषि विविधीकरणको नयाँ आयाम थप्ने उनले विश्वास व्यक्त गरे । रासस

# दक्षिण कोरियाः अटो पाट्र्स कारखानामा भीषण आगलागी
## १० को मृत्यु, ५९ घाइते, ४ बेपत्ता

**डेइजोन ।**
दक्षिण कोरिया को डेइजोन मा रहेको एक अटो पाट्र्स उत्पादन गर्ने कारखानामा शुक्रबार भएको भीषण आगलागीमा कम्तीमा १० जनाको ज्यान गएको छ भने ५९ जना घाइते भएका छन् । साथै चार जना अझै बेपत्ता रहेको अधिकारीहरूले बताएका छन् । स्थानीय समयअनुसार दिउँसो करिब १:१७ बजे आगलागी हुँदा कारखानाभित्र झण्डै १७० जना कामदार कार्यरत थिए । अचानक लागेको आगो तीव्र गतिमा फैलिँदा धेरै कामदारहरू भवनभित्रै फसेका थिए ।



अग्नि नियन्त्रण अधिकारीहरूका अनुसार पहिलो पीडित दोस्रो तलामा हृदयघातको अवस्थामा फेला परेका थिए, जसलाई अस्पताल लैजाँदै गर्दा मृत घोषणा गरिएको थियो । त्यसपछि अन्य नौ जनाको शव तेस्रो तलामा भेटिएको पुष्टि गरिएको छ, जसले आगोको प्रभाव माथिल्लो तलासम्म पुगेको सङ्केत गर्दछ । आगो नियन्त्रणमा लिन दमकल टोलीले लामो समय संघर्ष गर्नुपरेको थियो । प्रारम्भिक चरणमा धुवाँ र उच्च तापक्रमका कारण उद्धार कार्यमा कठिनाइ भएको थियो । पछि संरचना सुरक्षित रहेको प्राविधिक टोलीले पुष्टि गरेपछि मात्र राति ढिलो गरी उद्धारकर्मीहरू भवनभित्र प्रवेश गर्न सकेका थिए ।

हाल उद्धार टोलीले बेपत्ता चार जनाको खोजी कार्य तीव्र पारेको छ । घाइतेहरूलाई नजिकका अस्पतालहरूमा उपचारका लागि पठाइएको छ, जहाँ केहीको अवस्था गम्भीर रहेको बताइएको छ ।

अधिकारीहरूले आगलागीको कारणबारे अनुसन्धान सुरु गरेका छन् । प्रारम्भिक अनुमान अनुसार औद्योगिक उपकरण वा ज्वलनशील पदार्थबाट आगो सुरु भएको हुन सक्ने आशंका गरिएको छ, तर यसको आधिकारिक पुष्टि हुन बाँकी छ ।

यस घटनापछि स्थानीय प्रशासनले औद्योगिक सुरक्षा मापदण्डहरू कडाइका साथ पालना गर्न निर्देशन दिएको छ भने यस्ता घटनाबाट बच्न कारखानाहरूमा सुरक्षा निरीक्षण बढाइने जनाएको छ । रासस

## मध्यपूर्व संकटको असर विश्वभरः
# तेल, सुरक्षा र पर्यटन जोखिममा

**दुबई ।**
मध्यपूर्वमा तीन हप्तादेखि चर्किँदै गएको द्वन्द्वले विश्व अर्थतन्त्र, सुरक्षा र पर्यटन क्षेत्रमा व्यापक असर पार्न थालेको छ । इरानले आफ्नो आक्रमणको दायरा विस्तार गर्दै विश्वभरका पर्यटन र मनोरञ्जनस्थललाई समेत लक्षित गर्न सक्ने चेतावनी दिएको छ । यसैबीच संयुक्त राज्य अमेरिकाले क्षेत्रीय सुरक्षा सुदृढ गर्न थप युद्धपोत र सैनिक परिचालन गर्ने घोषणा गरेको छ ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ले भने सामाजिक सञ्जालमार्फत सैन्य अभियान क्रमशः घटाउने विकल्पसमेत विचाराधीन रहेको बताएका छन् । तेलको मूल्यमा वृद्धि र अमेरिकी शेयर बजारमा गिरावट आएपछि यस्तो मिश्रित संकेत आएको हो ।

उता इजरायल ले शनिबार बिहान पनि इरानबाट मिसाइल आक्रमण जारी रहेको जनाएको छ ।

साउदी अरेबिया ले केही घण्टाभित्रै २० वटा ड्रोन निष्क्रिय पारिएको जानकारी दिएको छ । ती आक्रमणहरू मुख्यतः तेल पूर्वाधार केन्द्रित भए पनि हालसम्म कुनै मानव क्षति वा ठूलो संरचनागत क्षति भएको छैन ।

खाडी क्षेत्रमा तनाव बढेसँगै हर्मुज जलडमरू को सुरक्षा चिन्ता झन् गहिरिएको छ । विश्वको झण्डै पाँचौं हिस्सा तेल ढुवानी हुने यो मार्गमा अवरोध भएमा आपूर्ति प्रणालीमा ठूलो असर पर्नेछ ।

इरानी नेतृत्वले भने आफूहरू कमजोर नपरेको दाबी गरेको छ । सर्वोच्च नेता मोज्तबा खामेनी ले नवरोजको सन्देशमा अमेरिकी र इजरायली आक्रमण असफल भएको बताएका छन् । साथै, इरानी सेनाका उच्च अधिकारीहरूले 'विश्वका पार्क, मनोरञ्जन क्षेत्र र पर्यटन स्थलहरू' शत्रुका लागि सुरक्षित नहुने चेतावनी दिएका छन्, जसले द्वन्द्व मध्यपूर्व बाहिर फैलिने जोखिमलाई संकेत गर्दछ । तेल बजारमा अस्थिरता बढ्दै जाँदा अमेरिकाले इरानी तेलमाथिका केही प्रतिबन्ध हटाउने घोषणा गरेको छ ।

यसबाट मूल्य नियन्त्रणमा केही सहयोग पुग्ने अपेक्षा गरिएको भए पनि उत्पादन वृद्धि नहुँदा आपूर्ति सहज हुने सम्भावना कम देखिएको छ ।

यस द्वन्द्वमा हालसम्म इरानमा १,३०० भन्दा बढी, इजरायलमा १५ र पश्चिम किनार क्षेत्रमा चार जनाको मृत्यु भएको छ । अमेरिकी सेनाका कम्तीमा १३ सदस्यले पनि ज्यान गुमाएका छन् । रासस

# नवलपुरमा साझेदारी वनद्वारा जैविक मल उत्पादन सुरु



**त्रिवेणी ।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको मध्यबिन्दु साझेदारी वन उपभोक्ता समूहले जैविक मल उत्पादन सुरु गरेको छ । गण्डकी प्रदेशकै एकमात्र साझेदारी वनका रूपमा परिचित उक्त वन कावासोती नगरपालिका–१४ मा अवस्थित रहेको छ । वन क्षेत्रमा उपयोगविहीन रूपमा खेर गइरहेका झाडी तथा पातपतिङ्गरलाई व्यवस्थापन गर्दै त्यसबाट जैविक मल उत्पादन थालिएको हो ।

वनमा रहेका झाडी, पातपतिङ्गर तथा अन्य जैविक पदार्थ संकलन गरी त्यसको प्रयोगबाट मल उत्पादन गरिएको मध्यविन्दु साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष भगवान खनालले जानकारी दिए । उनका अनुसार यस अभियानले वन व्यवस्थापनलाई व्यवस्थित बनाउनेमात्र नभई डढेलो नियन्त्रणमा समेत महत्त्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ । विशेषगरी गर्मीयाममा हुने डढेलो न्यूनीकरणमा यस्तो कार्यक्रम प्रभावकारी हुने विश्वास गरिएको छ ।

अध्यक्ष खनालले भने, 'वनमा खेर गइरहेका झाडीको सदुपयोग हुने, डढेलोको जोखिम घट्ने र कृषिमा रासायनिक मलको प्रयोगलाई प्रतिस्थापन गर्दै उत्पादन वृद्धि गर्न सहयोग पुग्ने विश्वासका साथ यो योजना सुरु गरिएको हो ।' अध्यक्ष खनालका अनुसार यसले वातावरण संरक्षणसँगै दिगो कृषिमा समेत टेवा पु¥याउनेछ । साथै, स्थानीय किसानलाई सस्तो तथा गुणस्तरीय मल उपलब्ध गराउने लक्ष्य पनि राखिएको छ । रासायनिक मलको बढ्दो प्रयोगले माटोको गुणस्तर ह्रास हुँदै गएको अवस्थामा वनले उत्पादन गरेको जैविक मलले दिगो रूपमा कृषि उत्पादन वृद्धिका लागि सहयोग पुग्ने विश्वास रहेको अध्यक्ष खनालले बताए ।

वनबाट संकलन गरिएका झाडीलाई मसिनो गरी काटी त्यसमा गाईभैँसीको गोबर, खरानी, रातो माटोलगायत आवश्यक तत्व मिसाएर प्राविधिकको निगरानीमा मल तयार पारिने गरिएको छ । मध्यबिन्दु जैविक मल उत्पादन कार्यक्रमका संयोजक धनेश्वर कुँवरले मल उत्पादन प्रक्रिया वैज्ञानिक ढङ्गले अगाडि बढाइएको बताए । उनका अनुसार मलको गुणस्तर कायम राख्न नियमित परीक्षण र अनुगमनसमेत गरिनेछ ।

साझेदारी वनको स्वरोजगार कार्यक्रमअन्तर्गत आवश्यक जनशक्ति वन उपभोक्ताबाटै व्यवस्थापन गरिएको छ । यस कार्यक्रममार्फत झाडी संकलनदेखि मल प्रशोधन र तयारीसम्मको सम्पूर्ण प्रक्रियामा स्थानीय उपभोक्तालाई रोजगारी उपलब्ध गराइएको संयोजक कुँवरले बताए । यसले ग्रामीण क्षेत्रमा आयआर्जनको अवसर बढाउने अपेक्षा गरिएको छ । हाल पहिलो चरणमा मल उत्पादन प्रक्रिया जारी रहेको छ । करिब एक सय दिनमा मल तयार हुने र त्यसपछि लागत विश्लेषण गरी उचित मूल्य निर्धारण गरेर बिक्रीवितरण गरिने योजना रहेको संयोजक कुँवरले बताए । आगामी दिनमा उत्पादन विस्तार गरी अन्य स्थानमा पनि आपूर्ति गर्ने तयारी गरिएको छ ।

यस पहलले वन संरक्षण, वातावरणीय सन्तुलन, रोजगारी सृजना तथा कृषि उत्पादन वृद्धिमा बहुआयामिक लाभ पुर्याउने विश्वास गरिएको मध्यविन्दु साझेदारी वनका अध्यक्ष खनालले बताए । सरकारी तह तथा सरोकारवाला निकायले समेत यस्ता कार्यक्रमलाई प्रोत्साहन गरेमा दिगो विकासमा महत्त्वपूर्ण योगदान पुग्ने अध्यक्ष खनालले बताए । रासस

# सिप्लीकान संरक्षण गरी आम्दानी गर्दै कृषिउद्यमी खनाल

**गण्डकी ।**
तनहुँको शुक्लागण्डकी नगरपालिका–२ स्थित एक्ले खेतमा रहेको ॐ कृषि फार्मका सञ्चालक कविराज खनाललाई यतिखेर माग अनुसारको सिप्लीकानका बिरुवा पु¥ याउनै धौधौ छ । विगत छ वर्षयता सिप्लीकानको व्यावसायिक खेतीसँगै नर्सरी गरी बिरुवा बेच्दै आएका खनालले यसवर्ष ५० हजार सिप्लीकानका बिरुवा तयार गर्ने लक्ष्य राखेका छन्, तर बढ्दो मागका कारण बिरुवा पु¥याउन नसकिने अवस्था आएको छ ।

पछिल्ला दिनमा विभिन्न कृषि समूहका साथै व्यक्तिगत रूपमा बिरुवाका लागि अत्यधिक माग आइरहेको खनालले बताए । अघिल्लो वर्ष मात्रै करिब छ लाख बराबरका करिब आठ हजार बिरुवा तयार सिप्लीकानका बिरुवा बिक्री गरेको उनले जानकारी दिने । विशेषतः पहाडी क्षेत्रमा पाइने बहुऔषधीय गुणयुक्त यो वनस्पति देशका अधिकांश स्थानबाट हराउँदै गएको छ । सिप्लीकानको महत्त्वलाई पछिल्ला पुस्तामासमेत पु¥याउने लक्ष्यसँगै आफूले यसको व्यावसायिक खेती गरी बर्सेनि आम्दानी गरिरहेको खनालको भनाइ छ ।

'परापूर्वकालदेखि नै च्यवन, गर्गजस्ता ऋषिमुनिहरूले यस वनस्पतिलाई शरीरको शुद्धीकरणसँगै ध्यानमा स्थिरता र दीर्घायु प्राप्तिका लागि उपयोग गर्ने गरेको विभिन्न ग्रन्थमा उल्लेख गरिएको पाइन्छ', उनले भने, 'लोपोन्मुख अवस्थामा पुगेको यो औषधीय वनस्पतिको संरक्षणसँगै पुस्तौँसम्म यसको उपयोग होस् भन्ने सोचका साथ मैले व्यावसायिक खेती थालेको हुँ ।'

कास्कीको रुपा, मादी, माछापुच्छ्रे, अन्नपूर्ण गाउँपालिका र तनहुँको शुक्लागण्डकी, भीमाद, बन्दीपुर, देवघाट आसपासका क्षेत्रहरू सिप्लिकान खेतीका लागि उपयुक्त रहेको बताउँदै खनालले लोपोन्मुख अवस्थामा रहेको नस्पतिलाई संरक्षण गर्दै जनजनमा प्रयोग बढाउने उद्देश्यसहित कधाम गरिरहेको बताए । 'कोभिड–१९ महामारीपछि विगत छ वर्षयता आफू यस खेतीमा लागेको थिए । यहाँ उत्पादित बिरुवा कास्कीको रुपा गाउँपालिकासहित देशका विभिन्न स्थानमा पुगिसकेका छन् । यस वर्ष मागअनुसार पु¥याउने लक्ष्यसँगै ५० हजार बिरुवा तयार गर्ने गरी काम भइरहेको छ', उनले योजना सुनाए । खनालले व्यापार मात्र होइन, छरछिमेक, इष्टमित्रलगायत कतिपय स्थानमा निःशुल्क बिरुवा प्रदान गर्दै आएका छन् । उनले प्रतिबिरुवा रु एक सयदेखि १५० सम्म बिक्री गरिराखेका छन् । पर्यावरणीय सन्तुलनका लागि पनि यसको महत्त्व रहेकाले सबैले यसको संरक्षण गरी लाभ लिनुपर्ने उनको भनाइ छ ।



उच्च रक्तचाप, सुगर, जन्डिस र मिर्गौलामा हुने पत्थरीलगायतका रोगका लागि औषधिका रूपमा सिप्लिकानको प्रयोग गर्ने गरिन्छ । यसलाई तत्कालका लागि तरकारी र अचार तथा लामो समयका लागि गुन्द्रुक बनाएर पनि खान सकिन्छ । 'एक पटक लगाएको सिप्लीकानको बिरुवाबाट चार पुस्तासम्म उत्पादन लिन सकिन्छ', खनालले भने, 'यसमा बाँदरले पनि क्षति नपु¥याउँदैन । वर्षाको समयमा लगाइने लहरे तरकारीका लागि यसलाई थाँक्रोका रूपमासमेत उपयोग गर्न सकिन्छ ।' खनालले आफ्नो फार्ममा सिप्लिकानसँगै कुरिलोखेती पनि गर्दै आएका छन् । यहाँको उत्पादन शुक्लागण्डकी नगरपालिका–१ र २ का साथै पोखरा नगरपालिका–३२ बाट पनि बिक्री भइरहेको छ ।

उनका अनुसार फार्मबाट वार्षिक २० देखि २५ हजार कुरिलोका बिरुवा बिक्रीवितरण गर्ने गरिएको छ । स्वास्थ्यका लागि उपयोगी कुरिलोको टुसालाई तरकारीका रूपमा बढी प्रयोग गरिन्छ । यसमा प्रशस्त मात्रामा प्रोटिन, भिटामिन, फाइबर, क्याल्सियमसँगै अन्य विभिन्न पौष्टिकतत्व पाइने र बच्चादेखि वृद्धसम्म सबैका लागि उपयोगी हुने चिकित्सकले बताएअनुसार आफूले यसको व्यवसायमा जोड दिएको खनालको भनाइ छ । उनले फार्ममा आउने वा बुझ्न चाहने जो कोहीलाई कुरिलो, सिप्लिकानलगायत खेतीका प्रविधि, उपयोगिता र बजारीकरणलगायत विषयमा जानकारी गराउँदै आएका छन् । कृषिबारे ज्ञान, सीप र प्रविधिबारे जानकारी गराउने भएकोले उनको फार्म एउटा जीवन्त पाठशालासमेत बन्दै गएको छ ।

व्यावसायिक कृषिसँगै पत्रकारिता र शिक्षण पेसालाई सँगसँगै अघि बढाएका खनाल रेडियो नेपाल र आदर्श समाज राष्ट्रिय दैनिकमा संवाददाताका रूपमा कार्यरत छन् । रोजगारीको खोजीमा धेरै नेपाली युवाहरू विदेशिने गरेको अवस्थामा सम्भावनायुक्त कुरिलो, सिप्लीकान जस्ता खेतीतर्फ आफू लागेको उनको भनाइ छ । यसबाट अन्य युवाले पनि प्रेरणा लिँदै व्यावसायिक उत्पादन गर्न सक्ने खनालले बताए । व्यावसायिक कृषिका माध्यमबाट स्वदेशमा नै केही गर्छु भन्नेलाई पहिचान गरी उनीहरूलाई प्रोत्साहित गर्ने वातावरण राज्यले तयार गर्नुपर्ने र त्यसमा आफू पनि सहकार्य गर्न तयार रहेको उनले बताए । रासस

# ‘डाउन सिन्ड्रोम’लगायत अवस्थाका परीक्षार्थीलाई विशेष व्यवस्था




**काठमाडौँ ।**
महानगरपालिकाले अटिजम, बौद्धिक अपाङ्गता, डाउन सिन्ड्रोमलगायत अवस्थाका परीक्षार्थीलाई परीक्षामा सहभागी हुन विशेष पकसिमले सहजता प्रदान गरेको जनाएको छ । कामपाले आधारभूत तह उत्तीर्ण परीक्षामा सहभागी हुने, अटिजम, बौद्धिक अपाङ्गता, डाउन सिन्ड्रोमलगायत अवस्था भएका विशेष प्रकृतिका विद्यार्थीलाई होम सेन्टरमै परीक्षा दिँदा सहजता प्रदान गरेको कामपाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले जानकारी दिइन् ।

विशेष प्रकृतिका विद्यार्थीका लागि छुट्टै शैक्षिक वातावरण चाहिने भएकाले महानगरपालिकाले यस प्रकारका शिक्षण संस्था सञ्चालनका विषयमा योजना बनाउँदै गरेको पनि कामु डङ्गोलको भनाइ छ ।


शिक्षा नियमावली, २०५९ को नियम ४७ बमोजिम दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, मनोसामाजिक अपाङ्गता भएका विद्यार्थीका लागि निजले बुझ्ने साङ्केतिक भाषामा परीक्षा दिने व्यवस्था मिलाइएको छ । यस्ता विद्यार्थीले निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा केन्द्राध्यक्षले वा सम्बन्धित विद्यालयले बढीमा एक घण्टा ३० मिनेटसम्म थप समय उपलब्ध गराउन सक्नेछन् ।

महानगरपालिकाले तयार पारेको प्रश्नपत्रबाट विकासात्मक अपाङ्गता वा विशेष प्रकृतिका बालबालिकाहरूले परीक्षा दिन नसक्ने भएमा विद्यार्थीको सिकाइ प्रकृतिका आधारमा विद्यालयले उपयुक्त मूल्याङ्कन मापदण्ड तयारी गरी विद्यार्थी मूल्याङ्कन गरेर प्राप्ताङ्क सम्बन्धित स्रोत केन्द्रमा बुझाउनुपर्नेछ । यही चैत ५ गतेबाट सुरु भएको आधारभूत तह परिक्षाका लागि ५७ वटा केन्द्र सञ्चालन भइरहेको छ । यी केन्द्रहरूमध्ये ४७ सामुदायिक विद्यालयमा र १० संस्थागत विद्यालयमा छन् । केन्द्रहरूमा ४९४ विद्यालयका १९ हजार ११७ विद्यार्थी सहभागी छन् । परीक्षार्थीमा १० हजार ७४५ छात्र र आठ हजार ३७२ छात्रा छन् ।

विद्यालयको प्रकृतिका आधारमा हेर्दा, दुई वटा कारागार र एउटा विशेषसहित ७७ वटा सामुदायिक विद्यालयका चार हजार ६१४, २० वटा वैकल्पिक विद्यालयका ८३७ जना, छ वटा धार्मिक विद्यालयका ७० जना र ३९१ वटा संस्थागत विद्यालयका १३ हजार ५९६ विद्यार्थीले परीक्षामा सहभागी भएका छन् ।

केन्द्रीय बहिरा माध्यमिक विद्यालय, नक्सालमा अध्ययनरत विद्यार्थीहरू विशेष प्रकृतिका (बहिरा) भएकाले उनीहरूको विशिष्ट आवश्यकतालाई ध्यानमा राखी सोही विद्यालयमा नै परीक्षा केन्द्र कायम गरिएको छ । जगन्नाथ देवल माध्यमिक विद्यालय र बन्दी विकास आधारभूत विद्यालय कारागार (जेल) भित्र सञ्चालित रहेको र सुरक्षा संवेदनशीलताका कारण विद्यार्थीहरू बाहिर जान सहज नहुने हुँदा, ती विद्यालयहरूको परीक्षा केन्द्र त्यही विद्यालयमा नै कायम गरिएको कामपाको भनाइ छ । रासस

# नेपाल रेडक्रसद्वारा सदस्यता वितरण अभियान सुरू



**काठमाडौँ ।**
नेपाल रेडक्रस सोसाइटीले एक महिने सदस्यता वितरण अभियान सुरुआत गरेको छ । सोसाइटीले सूचना जारी गर्दै गत फागुन २५ गतेदेखि थालनी भएको सदस्यता वितरण अभियान यही चैत्र २४ गतेसम्म जारी रहने छ ।

जारी सूचनामा भनिएको छ, नेपाल रेडक्रसको सदस्यता सदैव खुला रहेको व्यहोरा विदितै छ । यसका अतिरिक्त सोसाइटीको विधान २०२० (अठारौ संशोधन २०८२ सहित) को व्यवस्था र नेपाल रेडक्रस सोसाइटी केन्द्रीय तदर्थ समितिको २०८२ फागुन २४ गतेको बैठकले गरेको निणर्य वमोजिम सोसाइटीको सदस्यता प्राप्त गर्न इच्छुक नेपाली नागरिकहरूका लागि (युवाको सहभागिता र ३३ प्रतिशत महिला सुनिश्चित गर्न समेत) यस सोसाइटीद्वारा सदस्यता वितरण अभियान २०८२ फागुन २५ गतेदेखि २०८२ चैत्र २४ गतेसम्म (एकमहिनाको लागि) सञ्चालन भैरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

सूचनामा रेडक्रस अभियानका सिद्धान्त, मूल्य मान्यता, र आदर्शलाई आत्मसात् गर्दै विधानमा उल्लेखित प्रक्रिया र तोकिएको शुल्क बुझाई सदस्यता लिन इच्छुक व्यक्तिहरूले आफूलाई पायकपर्ने पालिका तहमा पालिका शाखा, जिल्ला तहमा जिल्ला शाखाका अतिरिक्त प्रदेश तहमा प्रदेश कार्यालय र केन्द्रीय तहमा केन्द्रीय कार्यालयबाट समेत सदस्यता प्राप्त गर्न सकिने उल्लेख छ ।

सूचनामा भनिएको छ, सम्पर्कका लागि नेपाल रेडक्रस सोसाइटीका पालिका तहका उपशाखाका सभापति वा सचिवहरू, ७७ वटै जिल्ला शाखाका सभापति वा मन्त्रीहरू, सात वटै प्रदेश कार्यालयका अध्यक्ष वा महासचिवहरू र केन्द्रीय कार्यालयमा महामन्त्रीसँग सम्पर्क गर्न सकिनेछ ।

थप जानकारीका लागि नेपाल रेडक्रस सोसाइटीको वेभसाइट धधध । लचअक । यचन हेर्नुहुन वा निःशुल्क हटलाइन सेवा ११३० मा सम्पर्क गर्न सकिन छ । रासस

# ट्राफिक कारबाहीबाट १३ लाख राजस्व संकलन



**कर्णाली ।**
कर्णाली प्रदेशमा ट्राफिक कारबाहीमा परेका सवारीसाधनबाट फागुनमा १३ लाख राजस्व संकलन भएको छ । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेश सुर्खेतले फागुनमा प्रदेशका विभिन्न जिल्ला तथा क्षेत्रमा गरेको जाँचका क्रममा एक हजार ४३१ सवारी कारबाही परेका हुन् ।

ती सवारीधनीबाट रु १३ लाख आठ हजार राजस्व सङ्कलन गरिएको उक्त कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बिसीले जानकारी दिए ।

रत्न राजमार्ग, कर्णाली राजमार्ग, राप्ती राजमार्ग, मध्यपहाडी लोकमार्ग, भेरी करिडोर, मदन भण्डारी राजमार्ग, कर्णाली करिडोरलगायत भित्रीक्षेत्रमा पर्ने सडकखण्डमा कार्यालय तथा मातहत जिल्ला ट्राफिक प्रहरी कार्यालयमा कार्यरत प्रमुखबाट राजमार्ग सुरक्षा गस्ती गर्ने क्रममा ती सवारीसाधन कारबाहीमा परेका उनले बताए ।

‘फागुनमा ९३ सवारी दुर्घटना हुँदा १३१ सवारी संलग्न रहेका पाइएको छ । उक्त दुर्घटनामा सात पुरुष र एक महिला गरी आठ जनाको मृत्यु भएको छ’, सूचना अधिकारी बिसीले भने, ‘दुर्घटनाको कारण ९३ पुरुष, ४७ महिला, १० बालक र १० बालिका गरी १६० जना घाइते भएका थिए । त्यसमा ६४ गम्भीर र ९६ सामान्य घाइते भएका छन् ।’ दुर्घटनाको प्रमुख कारण तीव्र गति, मादक तथा लागूपदार्थ सेवन, चालकको असक्षमता, गलत स्थानमा पार्किङलगायत रहेको उनले बताए ।

सूचना अधिकारी बिसीका अनुसार सडक दुर्घटना न्यूनीकरण गर्न ट्राफिक नियम पालनासम्बन्धी विद्यालय, कलेजमा ट्राफिक सचेतना कक्षा सञ्चालन, व्यवसायी, चालक परिचालक, स्थानीय टोल, समुदाय, सर्वसाधारण, पैदल यात्रुलाई पनि ट्राफिक सचेतना गराइएको छ । त्यसबाट ३२ हजार ५६ जना लाभान्वित भएका जानकारी दिए । फागुनमा ७८ हजार ८३९ सवारीसाधनको जाँच गरिएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेश सुर्खेतले जनाएको छ । रासस

# मौसममा सुधार, हालको वर्षा गराउने प्रणाली बाहिरिँदै



**काठमाडौं ।**
शुक्रबारदेखि सक्रिय भएको वर्षा गराउने प्रणाली कमजोर हुँदा मौसममा सुधार भएको छ । जल तथा मौसम विज्ञान विभागका मौसमविद् विभूति पोखरेलले मौसममा राम्रो सुधार भइसकेको जानकारी दिँदै शुक्रबार र आज बिहानको जस्तो वर्षा भने नहुने बताए ।

पोखरेलका अनुसार प्रिमनसुनका गतिविधि भने कायम नै रहने र आइतबार पनि छिटफुट बदली भने रहने छ । अहिले नेपालको पूर्व क्षेत्रमा र अन्य क्षेत्रका कतैकतै हल्का वर्षा भइरहेको र यो पनि विस्तारै हट्ने उनको भनाइ छ ।

अहिलेको वर्षा गराउने प्रणाली बाहिरिए पनि घाम लाग्ने, फेरि बदली हुने क्रम भने प्रिमनसुनमा रहिरहने तर ठूलो र अलि लामो वर्षा भने तत्काल नहुने उनले बताए ।

विभागको अभिलेख अनुसार अहिले कोशी प्रदेश, बागमती प्रदेश र मधेशप्रदेशका केही ठाउँमा हल्का वर्षा भइरहेको छ । विभागको पछिल्लो २४ घण्टे विवरणमा पाल्पामा सबैभन्दा बढी ७५.८ मिलिमिटर वर्षा भएको छ । रुपन्देहीमा ७५.२, मोरङमा ६३.८ र धनकुटामा ६३.२, कपिलवस्तुमा ५९.६ मिलिमिटर वर्षा भएको छ । रासस

# हिदी–मालिका सडक आयोजना सुरु



**म्याग्दी ।**
मङ्गला गाउँपालिका–२ हिदीदेखि म्याग्दीको प्रमुख धार्मिक पर्यटकीयस्थल मालिका धुरी जोड्ने सडक निर्माण थालिएको छ । मङ्गला गाउँपालिका र हिदीका बासिन्दाहरूको साझेदारीमा हिदीदेखि सुर्ती चढाउने डाँडा, गिद्रे देउराली, धौलेखर्क हुँदै मालिकाको फेदीमा रहेको जोगी देउराली जोड्ने योजना निर्माण सुरु भएको हो ।

मङ्गला गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु २१ लाख बजेटबाट थालिएको हिदी–मालिका सडक निर्माण योजनालाई गाउँलेहरूले चन्दा सङ्कलन गरेर निरन्तरता दिएका छन् । हिदी–मालिका सडक योजनाको उपभोक्ता समितिका अध्यक्ष थमप्रसाद पुनले गाउँपालिकाको बजेटबाट हिदीदेखि सुर्ती चढाउने डाँडासम्म दुई किलोमिटर ५०० मिटर सडकको मार्ग खुलिसकेको जानकारी दिए । गाउँपालिकाले विनियोजन गरेको बजेट सकिए पनि गाउँलेहरूले चन्दा उठाएर सुर्ती चढाउने डाँडादेखि गिद्रे देउरालीतर्फ सडक निर्माणलाई निरन्तरता दिएका छौँ”, उनले भने, “सुर्ती चढाउने डाँडादेखि धौलाखर्कसम्म थप एक किलोमिटर सडकको मार्ग खुलेको छ । थप ५०० मिटर मार्ग बनाएपछि गिद्रे देउरालीसम्म सडक पुग्छ । रु १८ लाख सङ्कलन गरेर जोगी देउरालीसम्म सडक पु¥याउने हिदीवासीको योजना छ । अध्यक्ष पुनका अनुसार पहिलो चरणमा गिद्रे देउराली जोड्ने सडकका लागि रु छ लाख चन्दा सहयोग जुटेको छ । सुर्ती चढाउने डाँडादेखि गिद्रे देउराली पहिलो खण्ड र गिद्रे देउरालीदेखि जोगी देउरालीलाई दोस्रो खण्ड मानेर सहयोग सङ्कलन अभियान सञ्चालन भएको छ ।

हिदीका बासिन्दा, पेसा, व्यवसाय र रोजगारीको सिलसिलामा प्रवास तथा देशका विभिन्न ठाउँमा रहेकाहरूबाट चन्दा सङ्कलन अभियान सञ्चालन भएको अध्यक्ष पुनले बताए । जोगी देउरालीसम्म गाडी चल्न थालेपछि बेनीदेखि हिदी हुँदै चार घण्टामा मालिका पुग्न सकिने बताइएको छ । पैदलयात्रा गरेर हिदीदेखि मालिका पुग्न चारदेखि पाँच घण्टा लाग्ने गरेको छ । यातायातको सुविधा भएमा यात्रा अवधि दुई घण्टामा छोटिने र यो सडक बेनीदेखि मालिका जोड्ने सबैभन्दा छोटो दूरीको हुने हिदीवासीको दाबी छ । मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि बिम बाइन्दफाँट र रघुगङ्गा गाउँपालिकाको ठाडाखानी हुँदै मालिकाको फेदीसम्म दुईतर्फबाट सडक पुगिसकेको छ । समुद्री सतहदेखि तीन हजार ४०० मिटर उचाइमा रहेको मालिका मालिका र रघुगङ्गा गाउँपालिकाको सिमानामा अवस्थित छ ।

यहाँबाट धौलागिरि र अन्नपूर्ण रेञ्जका दर्जन बढी हिमालहरूका साथै सूर्योदय, सुर्यास्त, पहाडी भूगोल र वन जङ्गलको अवलोकन गन सकिन्छ । चण्डी, जेष्ठी र कार्तिक पूर्णिमामा विशेष दर्शन र पूजाआजा हुने यस मन्दिरमा मनोकांक्षा पूरा हुने जनविश्वास छ । विसं १९१० देखि पूजाआजा हुन थालेको इतिहास रहेको मालिकामा कालिका, मालिका र जालपादेवीको मूर्ति रहेका छन् । रासस

# भारी हिमपातका कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध




**रुकुम पूर्व ।**
रुकुम पूर्वमा भारी हिमपातको कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । गएरातिदेखि निरन्तर भइरहेको हिमपातका कारण रुकुम पूर्वको भुमे गाउँपालिका १ मा पर्ने लुकुम–पातिहाल्ना खण्ड अवरुद्ध भएको हो । लोकमार्ग अवरुद्ध हुँदा दर्जनौँ सवारीसाधनसहित यात्रुहरू अलपत्र परेको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ । अहिले सो खण्डमा काठमाडौँबाट छुटेका रात्रिबसहरू फसेको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका प्रहरी नायव उपरीक्षक केशवराज ज्ञवालीले जानकारी दिए ।

उनका अनुसार लुकुम–पातिहाल्ना क्षेत्रमा ७ वटा बस, एउटा जिप र ५ वटा मोटरसाइकल फसेका छन् भने २५० जनाभन्दा बढी यात्रुहरू अलपत्र परेका छन् ।

अहिले पनि निरन्तर वर्षा र हिमपात भइरहेका कारण सडक सञ्चालनमा चुनौती देखिएको छ । यस क्षेत्रमा अहिले फोन सेवा पनि अवरुद्ध हुँदा थप समस्या भएको छ । यद्यपि यात्रुहरूको उद्धारको लागि स्थानीय तहसँग समन्वय भइरहेको उपरीक्षक ज्ञवालीले बताए । रासस

# गौर हत्याकाण्डको १९ वर्ष पूरा



**मधेशदृष्टि**
**रौतहट ।**
चैत ७ गते अर्थात गौर हत्याकाण्डको १९ वर्ष पुगेको छ । राजनीतिक इतिहासमा सबैभन्दा कलंकित दिनको रुपमा लिइएको गौर हत्याकाण्ड दुई राजनीतिक दलबीच भएको तनावका कारण भएको थियो । २०६३ साल चैत ७ गते मधेशी जनअधिकार फोरम र माओवादीबीच सदरमुकाम गौरको राइस मिल्सको चौरमा भएको झड्पमा माओवादीका २७ कार्यकर्ताले ज्यान गुमाउनु परेको थियो । गौर नरसंहार भएको १९ वर्ष पुगेको छ । रौतहट सदरमुकाम गौरमा रहेको राइस मिलको चौरमा २०६३ साल चैत ७ गतेका दिन तत्कालीन मधेशी जनअधिकार फोरमको निर्धारित कार्यक्रमलाई प्रभावित पार्न बनाइएको मञ्चको विपरीत दिशामा नेकपा माओवादीले मञ्च बनाएर कार्यक्रम गर्न थाल्दा सुरु भएको झडपले विकराल रुप लिँदा २७ जनाको ज्यान गएको थियो भने ६० जनाभन्दा बढी घाइते भएका थिए ।

घटनाको सत्यतथ्य छानबीन हुनु पर्ने र दोषीमाथि कारबाही हुनु पर्ने पीडित पक्षले माग गर्दै आएको छ । १९ वर्षपछि सर्वोच्च अदालतले गौर नरसंहारको अनुसन्धान गर्ने बाटो खोलेको छ । सर्वोच्च अदालतमा त्रिभुवन साहले दायर गरेको रिटमाथि बितेको भदौ २ गते सुनुवाइ गर्दै न्यायाधीश तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको इजलासले सरकारी वकिलको कार्यालय रौतहट र जिल्ला प्रहरी कार्यालय रौतहटका नाममा परमादेश जारी गरेको हो । तर अनुसन्धान प्रकृया भने हालसम्म शून्य देखिएको पीडित पक्षको गुनासो छ ।

# उज्यालो नेपाल पार्टीद्वारा प्रधानमन्त्री कार्कीलाई धन्यवाद



**काठमाडौँ ।**
उज्यालो नेपाल पार्टीले प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा मुलुक कठिन अवस्थाबाट सुरक्षित अवतरण सम्भव भएको भन्दै बधाई ज्ञापन गरेको छ । पार्टीका अध्यक्ष कुलमान घिसिङ नेतृत्वको प्रतिनिधिमण्डलले शनिबार बालुवाटारमा भेट गरी प्रधानमन्त्री कार्कीको निष्ठा र प्रतिबद्धताका कारण नै शान्तिपूर्ण निर्वाचन सम्भव रहेको भन्दै बधाई ज्ञापन गरेको हो ।

चुनाव हुनेमा धेरैतिरबाट आशङ्का व्यक्त भइरहेका बेला सबैलाई विश्वासमा लिएर देशैभर एकैपटक स्वच्छ र धाँधलीरहित तरिकाले निर्वाचन सम्पन्न गराउनसक्नु चानचुने सफलता नभएको उल्लेख गर्दै प्रतिनिधिमण्डलले सरकारको प्रशंसा गरेको थियो । 'चुनौतीपूर्ण परिस्थितिमा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्दै सफलतापूर्वक निर्वाचन सम्पन्न गराई मुलुकलाई राजनीतिक स्थायित्व प्रदान गर्ने गहन दायित्व पूरा गर्नुभएकोमा सम्माननीयज्यूलाई हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछौँ,' अध्यक्ष घिसिङले भने, 'तपाईँको नेतृत्वमा देशले सेफल्यान्डिङ पाएको छ । यसैमा खुसी छु । यति महत्त्वपूर्ण इतिहासको घडीमा मैले पनि केही समय यस सरकारमा रहेर काम गर्न पाएँ । अब संसद्मा नभए पनि बाहिरै बसेर देशका निम्ति काम गर्छु ।'

प्रधानमन्त्री कार्कीले उज्यालो नेपाल पार्टीले निर्वाचनमा भाग लिएर यस प्रक्रियालाई सघाएको भन्दै सरहाना गरिन् । यस्तै यस सरकारको सफलताका लागि घिसिङले खेलेको प्रभावकारी भूमिकाको पनि प्रशंसा गरिन् ।

त्यस अवसरमा उज्यालो नेपाल पार्टीले प्रधानमन्त्री कार्कीसमक्ष खाडी क्षेत्रमा रहेका नेपालीहरुको सुरक्षा तथा गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन सार्वजनिकीकरणको माग पनि गरेको छ ।

# विभेद्जन्य गतिविधि गर्नेलाई कानूनी दायरामा ल्याइने छः महानिरीक्षक



काठमाडौँ ।
नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले जाति तथा रङ्गभेद उन्मूलनका लागि नेपाल प्रहरी सक्रिय रुपमा लागेको उल्लेख गर्दै विभेदजन्य गतिविधि गर्नेलाई कानूनी दायरामा ल्याइने बताएका छन् ।

राष्ट्रिय दलित आयोग तथा विभिन्न दलित अधिकारकर्मी सङ्घ–संस्थाको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा महानिरीक्षक कार्कीले समाजमा विद्यमान विभेद अन्त्य गर्न कानूनी कार्यान्वयनसँगै जनचेतना अभिवृद्धि आवश्यक रहेकोमा जोड दिए ।

उनले जातीय विभेद जस्तो सामाजिक विकृतिको अन्त्यबिना समतामूलक समाजको परिकल्पना अधुरो रहने उल्लेख गर्दै प्रहरी सङ्गठनले यस्ता घटनामा शून्य सहनशीलताको नीति अपनाएको स्पष्ट पारे ।

'जातीय विभेद् रोक्न प्रहरी सक्रिय रूपमा लागि परेको छ । यसलाई अन्त्य गर्न हामी निरन्तर प्रयासरत छौँ, तर यसमा राज्यका अन्य निकाय, नागरिक समाज र सर्वसाधारणको पनि उत्तिकै भूमिका आवश्यक छ,' उनले भने ।

महानिरीक्षक कार्कीले नेपालको संविधानले सुनिश्चित गरेको समानता, स्वतन्त्रता र सामाजिक न्यायको अधिकार व्यवहारमा लागू गराउन प्रहरी प्रतिबद्ध रहेको बताए । उनले सबै नागरिकले बिना कुनै भेद्भाव समान हक–अधिकार उपभोग गर्न पाउनुपर्नेमा जोड दिँदै विभेदजन्य गतिविधि गर्ने जोसुकैलाई पनि कानूनको दायरामा ल्याइने विश्वास व्यक्त गरे ।

उनले सुर्खेतकी इनिशा विकको हत्या प्रकरणको अनुसन्धान तथ्य र प्रमाणका आधारमा अगाडि बढिरहेको बताए । उनले पीडित परिवारसँग निरन्तर सम्पर्क भइरहेको जानकारी दिँदै दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याइने र न्याय सुनिश्चित गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

'इनिशा विक हत्या प्रकरणमा अनुसन्धानका लागि पर्याप्त रूपमा प्रहरी परिचालन गरिएको छ । छिट्टै सत्यतथ्य सार्वजनिक हुनेछ,' उनले भने । कार्यक्रममा सहभागी वक्ताहरूले जातीय विभेद अझै समाजमा विद्यमान रहेको भन्दै यसको अन्त्यका लागि कडा कानूनी कार्यान्वयन, शिक्षा तथा जनचेतना कार्यक्रमलाई अझ सशक्त बनाउनुपर्ने आवश्यकता औँल्याउनुभएको थियो । उनहरूले विशेषगरी दलित समुदायमाथि हुने हिंसा र विभेद्का घटनामा द्रुत न्याय सुनिश्चित गर्न राज्य संयन्त्रलाई थप जिम्मेवार बन्न आग्रह गरेका छन् ।

अन्तरराष्ट्रिय रूपमा प्रत्येक वर्ष मार्च २१ मा मनाइने यो दिवसले रङ्गभेद तथा जातीय विभेदविरुद्ध विश्वव्यापी ऐक्यबद्धता जनाउने अवसर प्रदान गर्दछ । नेपालमा पनि यस दिवसलाई विभिन्न कार्यक्रममार्फत मनाइँदै आएको छ, जसले समानता, सहिष्णुता र मानव अधिकारको संरक्षणमा सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको छ । रासस

# 'रास्वपाले कसैलाई उम्मेदवार तोकेको छैन'

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साले सामाजिक सञ्जालमा फैलाइँदै आएको उम्मेदवारीसम्बन्धी भ्रामक प्रचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । पार्टीले जारी गरेको विज्ञप्तिअनुसार पछिल्ला केही दिनयता केही व्यक्ति तथा समूहले आफूलाई वीरगंज महानगरपालिका लगायत विभिन्न पालिकामा मेयर तथा वडाध्यक्ष पदका उम्मेदवार भएको दाबी गर्दै फेसबुक, टिकटक लगायतका सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गरिरहेको पाइएको छ ।

पार्टीले यस्ता गतिविधि तत्काल बन्द गर्न तथा नगर्न–नगराउन चेतावनी दिँदै त्यस्ता गलत, भ्रामक र कपोलकल्पित सूचनामा विश्वास नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

विज्ञप्तिमा हालसम्म पार्टीले कुनै पनि तहको निर्वाचनका लागि कुनै व्यक्तिलाई उम्मेदवारका रूपमा आधिकारिक रूपमा चयन नगरेको स्पष्ट पारिएको छ ।

साथै यस्ता भ्रामक प्रचार गर्ने व्यक्ति तथा समूहबाट सचेत रहन पनि अनुरोध गरिएको छ । उक्त जानकारी रास्वपा पर्साका जिल्ला सचिव सुदिश प्रजापतिद्वारा जारी विज्ञप्तिमार्फत सार्वजनिक गरिएको हो ।

# मोटरसाईकल मर्मतको पैसा नतिरेको निहुँमा दुई पक्षबीच झडप

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा नगरपालिका–१२ सारसर क्षेत्रमा मोटरसाइकल मर्मतको पैसा नतिरेको विषयले उग्र रूप लिँदा दुई समूहबीच झडप भएको छ ।

घटनामा दुवै पक्षका गरी ६ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार चैत ६ गते अपराह्न करिब ४:५० बजे स्थानीय सलमान मियाँ र हासिम दफाली पक्षबीच सुरु भएको विवादपछि कुटाकुटमा परिणत भएको हो ।

घटनाको सूचना पाएलगत्तै प्रहरी निरीक्षक गजेन्द्र नारायण रायको नेतृत्वमा खटिएको टोलीले स्थिति नियन्त्रणमा लिएको थियो । झडपका क्रममा सलमान पक्षका ४ जना र हासिम पक्षका २ जना घाइते भएका छन् ।

घाइते हुनेहरूमा सलमान पक्षकी अन्दाजी ४० वर्षीया भुटनी खातुन, ३५ वर्षीय रहमद दफाली, ५८ वर्षीय इरफान मियाँ र २६ वर्षीय लालबाबु मियाँ रहेका छन् । उनीहरूलाई टाउको, हात र गर्दनमा चोट लागेको बताइएको छ ।

त्यस्तै, हासिम पक्षका १९ वर्षीय अरमान हुसेन र आरिफ दफाली घाइते भएका छन् । अरमानको टाउकोमा मध्यम चोट लागेको छ भने आरिफको बायाँ हातमा चोट लागेको प्रहरीले जनाएको छ ।

घाइतेमध्ये गम्भीर अवस्थामा रहेकी भुटनी खातुनलाई थप उपचारका लागि विराटनगर पठाइएको छ भने अन्य सबैको उपचार प्रादेशिक अस्पताल सिरहामा भइरहेको छ ।

प्रहरीले झडपमा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

# रामनवमीमा गहवामाईमा महाआरती हुने



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको ऐतिहासिक एवम् धार्मिक धरोहर गहवामाई मन्दिर परिसरमा यसवर्षपनि रामनवमीका दिन महाआरती उत्सवको तयारी सुरु भएको छ । मर्यादा पुरुषोत्तम भगवान श्रीरामको जन्मोत्सव 'रामनवमी' का दिन चैत १३ गते गहवामाई मन्दिर परिसरमा महाआरती उत्सव आयोजना गरिन लागिएको हो ।

गहवामाई तीर्थ क्षेत्र विकास समितिका अध्यक्ष श्याम कुमार पोखरेलको अध्यक्षतामा शनिबार बसेको बैठकले आगामी चैत १३ गते शुक्रबारका दिन साँझं ६ बजेदेखि गहवामाई मन्दिरको अगाडिको प्रांगणमा भव्य महाआरती उत्सव आयोजना गर्ने निर्णय गरेको हो । विगतका वर्षहरूमा झैँ यस वर्षपनि रामनवमीका दिन आयोजना गरिने महाआरती उत्सवलाई व्यवस्थित गर्न कार्यसमिति सदस्य मुकेश कुमार साहको संयोजकत्वमा उपसमिति समेत गठन गरिएको छ ।

बैठकमा कार्यसमितिका उपाध्यक्ष देवानन्द प्रसाद कलवार, सचिव लक्ष्मी नारायण गुप्ता (पप्पु गुप्ता), कोषाध्यक्ष रविशंकर अग्रवाल तथा सदस्यहरू दिना प्रसाद गुप्ता, सिताराम प्रसाद उपाध्याय, मुकेश प्रसाद साह, अनुप कुमार अग्रवाल लगायतकाको सहभागिता थियो ।

# देउवा सिङ्गापुरबाट हङकङ प्रस्थान

**काठमाडौँ ।**
नेपाली कांग्रेसका निवर्तमान सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा सिङ्गापुरबाट हङकङ प्रस्थान गरेका छन् ।

हाल सिङ्गापुरमा रहेका र नियमित उपचार सकिएपछि थप स्वस्थ्य उपचार तथा पारिवारिक कार्यक्रममा सहभागी हुन उन आज हङकङतर्फ प्रस्थान गरेको उनको सचिवालयले जनाएको छ ।

हङकङमा थप स्वास्थ्य उपचार र पारिवारिक कार्यक्रम सकेर पूर्वप्रधानमन्त्री देउवा नेपाल फर्कने कार्यक्रम तय भएको छ । उनी फागुन १३ गते सिङगापुर प्रस्थान गरेका थिए ।

# चार घण्टाको अन्तरालमा दम्पतीको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**
रुपनी गाउँपालिका ४ छपकीमा चारघण्टाको अन्तरालमा दम्पतीको मृत्यु भएको छ । स्थानीय ७० वर्षीय फुलेश्वर सदा र उनकी श्रीमती ६५ वर्षीय दुर्गीवती सदाको मृत्यु भएको हो ।

शनिबार राति २ बजे फुलेश्वरको र बिहान ६ बजे दुर्गीवतीको करिब ४ घण्टाको अन्तरालमा दम्पतीको मृत्यु भएको रुपनी गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष छेदी इसरले बताए । दुर्गीवती केही दिनअघि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानबाट हर्नियाँको अपरेसन गरी घर ल्याइएको थियो । स्वास्थ्य अवस्था कमजोर रहेकाले फुलेश्वरले उनलाई नियमित निगरानी गर्दै आएको वडाध्यक्ष इसरले जानकारी दिए । दम्पती दुबैजनाको जातीय परम्परा अनुसार गाउँनजिककै अन्त्यष्टी गरिएको स्थानीयले बताएका छन् ।

**हावाहुरीसहित वर्षाको कारण महिलाको मृत्यु**

शुक्रबार रातभर परेको हावाहुरीसहितको वर्षाका कारण महोत्तरीको बर्दिबासमा एक महिलाको मृत्यु भएको छ । बर्दिबास नगरपालिका–१ स्थित पूर्व–पश्चिम लोकमार्गको कल्भर्ट मुनि जमेको पानीमा शनिबार बिहान ती महिलाको शव फेला परेको हो । प्रहरीका अनुसार अन्दाजी ४० वर्षीया ती महिलाको पहिचान अझै खुल्न सकेको छैन। लोकमार्गको कल्भर्ट मुनि वर्षाको पानी जमेको स्थानमा टाउकोसहित शरीरको दाहिने भाग डुबेको अवस्थामा स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

पहाडे मूलकी जस्ती देखिने मृतक महिला केही समयदेखि बर्दीबास क्षेत्रमा मागी खाँदै हिँड्ने गरेको स्थानीयले जनाए का छन् । इलाका प्रहरी कार्यालय बर्दिबासका डिएसपी विकास बमका अनुसार प्रहरीले घटनास्थलको मुचुल्का तयार गरी शवलाई पोस्टमार्टमका लागि बर्दिबास अस्पताल पठाएको छ ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन